नेपालको संविधानको धारा २९४ बमोजिम
सम्माननीय राष्ट्रपतिसमक्ष प्रस्तुत
मुस्लिम आयोगको

# वार्षिक प्रतिवेदन

## (२०७९ साउन–२०८० असार)

मुस्लिम आयोग
जावलाखेल, ललितपुर

**मुस्लिम आयोगको**

**वार्षिक प्रतिवेदन**

**आर्थिक वर्ष २०७९/०८०**

**प्रकाशक** : मुस्लिम आयोग, जावलाखेल, ललितपुर

**प्रकाशन मिति** : २०८० असोज

**प्रकाशन संख्या** : १००० (एक हजार) प्रति

**फोन** : ०१-५५४२६५१

**वेवसाइट** : *www.muslimcomission.gov.np*

**इमेल** : *muslimcomission.nepal@gmail.com*

# मुस्लिम आयोग

जावलाखेल, ललितपुर

मुस्लिम आयोग
जाउलाखेल, ललितपुर
२०७४

प.स.०८०/८१

च.नं. ११९

मिति:२०८०।०६।२९

विषय:- **वार्षिक प्रतिवेदन।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
राष्ट्रपति भवन, शितलनिवास, काठमाडौं।

नेपालको संविधानको धारा २९४ बमोजिम मुस्लिम आयोगले आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

समिम मियाँ अन्सारी
अध्यक्ष
मुस्लिम आयोग

# मुस्लिम आयोगका पदाधिकारीहरू



**समिम मियाँ अन्सारी**
अध्यक्ष



**महमदिन अली**
सदस्य



**मिर्जा अरशद बेग**
सदस्य



**मोहम्मद समशुल हक**
सदस्य



**चण्डी प्रसाद घिमिरे**
सचिव

# मन्तव्य

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि नेपालको संविधानको भाग-२७, धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था थप गरी आयोग क्रियाशील रहदै आएको छ। मुस्लिम आयोग ऐन, २०७४ को दफा ७ ले आयोगको काम, कर्तब्य र अधिकारहरूको व्यवस्था गरेको छ। ऐनले गरेको उक्त व्यवस्था अनुसार आयोगले आर्थिक वर्ष २०७९/०८० मा सम्पादन गरेका मुख्य-मुख्य कार्यहरूलाई समेटी वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ। प्रतिवेदनमा आयोगले वर्षभरि सञ्चालन गरेका कार्यक्रमहरू र भविश्यमा गर्नुपर्ने सुधारसम्बन्धी विषयहरू समावेश गरिएका छन्।

आर्थिक वर्ष २०७९/०८० मा मुलुकमा देखिएको आर्थिक संकटलाई आधार बनाई अर्थ मन्त्रालयले अधिकांश स्वीकृत कार्यक्रमहरूको बजेट रोक्का राखेको र केही कार्यक्रमहरूको आंशिक बजेट आर्थिक वर्षको अन्त्यमा आएर मात्र फुकुवा गरेको कारण यस वर्ष आयोगका धेरै कार्यक्रमहरू सम्पादन हुन सकेनन् भने केही कार्यक्रमहरूको आंशिक बजेट आर्थिक वर्षको अन्त्यमा आएर मात्र फुकुवा भएकाले समयसीमाका कारण कार्यक्रम सम्पन्न गर्न केही कठिनाई हुन गयो।

समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा मुस्लिम समुदायलाई संविधान प्रदत्त राजनैतिक, आर्थिक र सामाजिक अधिकार सुनिश्चतताका लागि कानूनी व्यवस्था गरी तीनै तहका सरकारहरूबाट विशेष नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनु पर्ने, निजामती सेवा, न्याय सेवा, सेना, प्रहरी, संस्थान, बोर्ड, समिति, प्राधिकरण, कुटनीतिक निकाय लगायत अन्य सेवा प्रदान गर्ने क्षेत्रमा नेपाली मुस्लिम समुदायलाई जनसंख्याको आधारमा छुट्टै आरक्षणको व्यवस्था गरिनुपर्ने देखिन्छ।

समुदायको उत्थान एवम् विकासका लागि उच्च तहको सीप विकास तालिम र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, मातृभाषाको संरक्षण र सम्बर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक रहेको छ। मदरसा शिक्षा प्रणालीको सुधारका साथै यसको प्रभावकारी व्यवस्थापन, समुदायसँग सम्बन्धित विभिन्न धार्मिक स्थलहरूको संरक्षण र सम्बर्द्धन, कब्रिस्तान (श्मसानस्थल) हरूको जग्गा अतिक्रमण नियन्त्रण तथा तराई र पहाडका केही जिल्लाहरूमा शव (मैयत) गाड्ने कब्रिस्तानहरूको थप व्यवस्था गर्न आवश्यक देखिएको छ।

आयोगबाट भएका विभिन्न अध्ययन अनुसन्धानहरू, सचेतनामूलक कार्यक्रमहरू, छलफल तथा अनुगमनबाट प्राप्त भएका निष्कर्ष, राय, सल्लाह तथा सुझावहरूलाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ। आयोगको कार्य सम्पादनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका माननीय सदस्यहरू र सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। आयोगले आगामी दिनमा सञ्चालन गर्ने कार्यक्रमहरूमा समेत सम्बन्धित सबैको अमूल्य सुझाव र सहयोग प्राप्त हुने विश्वास लिएको छु।

धन्यवाद।

अध्यक्ष

**समिम मियाँ अन्सारी**

मुस्लिम आयोग

# कार्यकारी सारांश

मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि नेपालको संविधानको भाग २७, धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएकोमा सो संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि मुस्लिम आयोग ऐन, २०७४ जारी भई उक्त ऐनको व्यवस्था बमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७५/१२/७ गते यस आयोगको अध्यक्ष पदमा माननीय समिम मियाँ अन्सारी नियुक्ति भई विधिवत रुपमा मुस्लिम आयोग गठन भई सञ्चालनमा रहेको छ। यस आयोगका चार सदस्य पदहरूमध्ये मिति २०७७/१०/२१ गते माननीय महमदिन अली र माननीय मिर्जा अरशद बेग र मिति २०७८/०३/१० मा माननीय मोहम्मद समशुल हक नियुक्त भई कार्यरत रहनु भएको र आयोगको एक जना सदस्यको पद हालसम्म रिक्त रहेको अवस्था विद्यमान् छ।

मुस्लिम आयोग ऐन, २०७४ को दफा ७ बमोजिम यस आयोगको मुख्य कार्य मुस्लिम समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिने, आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने, मुस्लिम समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु रहेको छ।

मुस्लिम आयोग ऐन, २०७४ ले निर्धारण गरेका उल्लिखित कार्यभार तथा स्वीकृत वार्षिक कार्यक्रममा आधारित रही आयोगले आफ्ना काम कारबाहीहरू सम्पादन गर्दै आएको छ। आयोगबाट आर्थिक वर्ष २०७९/८० मा विगत वर्षहरूमा जस्तै चैत्र ७ गते विविध कार्यक्रमहरूको आयोजना सहित आयोगको स्थापना दिवस मनाइयो भने मुस्लिम समुदायको एक महिने रमजान, रोजा (ब्रत) को शुभअवसरमा सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको प्रमुख आतिथ्यतामा इफ्तार कार्यक्रम सम्पन्न गरिएको छ।

आयोगबाट आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहका मुस्लिम समुदायका जनप्रतिनिधिहरूको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम मधेश प्रदेशको धनुषा र लुम्बिनी प्रदेशको दाङमा सम्पन्न भएको छ भने मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक सशक्तीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम कोशी प्रदेशको झापा, मधेश प्रदेशको सिराहा र सर्लाही, लुम्बिनी प्रदेशको बर्दिया र नवलपरासी पश्चिममा सञ्चालन भएको छ। त्यसैगरी आयोगबाट

५० जना मुस्लिम समुदायका विद्यार्थीहरूलाई नायब सुब्बा तहको निःशुल्क लोक सेवा आयोगको तयारी कक्षा सञ्चालन गरिएको छ।

मदरसा शिक्षामा देखिएका समस्याहरूको पहिचान गरी मदरसा शिक्षालाई थप व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाई मुस्लिम समुदायका बालबालिकालाई राष्ट्रिय शिक्षाको मूलप्रवाहीकरणमा ल्याउने सरकारको नीतिलाई समेत सहयोग पुऱ्याउन मदरसा शिक्षा समग्र व्यवस्थापनका लागि सर्वस्वीकार्य एकीकृत नीति र मापदण्ड तय गरी लागू गर्न, मुस्लिम समुदायको धार्मिक आस्था, रितीरिवाज र परम्परासँग जोडिएको कब्रिस्तानको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गर्न तथा हलाल प्रक्रियाको बारेमा standard norms बनाउने, हलाल प्रमाणपत्र जारी गर्ने विषयलाई सरलीकृत बनाई यसको विश्वसनीयता कायम गर्न, हलाल प्रक्रियाको नियमन कार्यलाई व्यवस्थित गरी गुणस्तरीय खाद्यवस्तुको उपभोगको सुनिश्चितता र धार्मिक तथा सांस्कृतिक मूल्य मान्यताको सम्बर्द्धन र संरक्षण गर्ने वातावरण निर्माण गर्ने उद्देश्यले तीनवटै विषयका अलग-अलग कार्यदल गठन गरी सो सम्बन्धी कार्य भइरहेको छ।

समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा मुस्लिम समुदायलाई संविधान प्रदत्त राजनैतिक, आर्थिक र सामाजिक अधिकार सुनिश्चतताका लागि कानूनी व्यवस्था गर्ने, तीन तहको सरकारबाट विशेष नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनु पर्ने, निजामती सेवा, न्याय सेवा, सेना, प्रहरी, संस्थान, बोर्ड, समिति, प्राधिकरण, कुटनीतिक निकाय लगायत अन्य सेवा प्रदान गर्ने क्षेत्रमा नेपाली मुस्लिम समुदायलाई जनसंख्याको आधारमा छुट्टै आरक्षणको व्यवस्था गरिनुपर्ने देखिन्छ ।

अतः मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणको लागि समुदायको अधिकार प्रबर्द्धन, क्षमता विकास र सशक्तीकरण तथा जनचेतनामूलक कार्यक्रमहरू तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन, समुदायभित्रको लैगिंक विभेद तथा हिंसाको न्यूनिकरण गर्न र सुखी, समृद्ध र आत्मनिर्भर मुस्लिम समुदायको विकास गर्न आयोगले प्रभावकारी भूमिका खेल्न आवश्यक छ।

# विषयसूची

मन्तव्य

कार्यकारी सारांश

**परिच्छेद-१**

**परिचय**

| | | |
|---|---|---|
| १.१ | मुस्लिम समुदायको सामान्य परिचय | १ |
| १.२ | आयोगको पृष्ठभूमि | २ |
| १.३ | सोच | ३ |
| १.४ | उद्देश्य | ३ |
| १.५ | आयोगको काम कर्तब्य र अधिकार | ४ |

**परिच्छेद-२**

**आयोगको प्रशासनिक एवं संगठनात्मक ढाँचा**

| | | |
|---|---|---|
| २.१ | प्रशासन र संगठन सम्बन्धी पृष्ठभूमि | ६ |
| २.२ | आयोगको संगठनात्मक ढाँचा | ६ |
| २.३ | विद्यमान दरबन्दीको विवरण | ८ |
| २.४ | आयोगका माननीय सदस्यहरूको कार्य विभाजन | ९ |

**परिच्छेद-३**

**आर्थिक वर्ष २०७९/०८० मा स्वीकृत कार्यक्रम र प्रगति विवरण**

| | | |
|---|---|---|
| ३.१ | आर्थिक वर्ष २०७९/०८० मा बजेट विनियोजन, निकासा र खर्च | १२ |
| ३.२ | कार्यक्रमको वित्तीय, भौतिक प्रगति र सम्पादित मुख्य मुख्य कार्यहरू | १२ |
| ३.३ | कार्यक्रमतर्फ सम्पादित मुख्य मुख्य कार्यहरू | १५ |
| ३.४ | कार्यक्रमबाट प्राप्त भएका मुख्य मुख्य सुझावहरू | १७ |
| ३.५ | पदाधिकारीहरूको भ्रमण तथा उपलब्धिहरू | २० |
| ३.६ | आयोगबाट सम्पन्न भएका अन्य गतिविधिहरूको प्रगतिको अवस्था | २१ |

## परिच्छेद-४

## विविध


| | | |
|---|---|---|
| ४.१ | आयोगको बैठकका निर्णयहरू | २३ |


## परिच्छेद-५

## समस्या, सुझाव र निष्कर्ष


| | | |
|---|---|---|
| ५.१ | मुस्लिम समुदायभित्र रहेका समस्याहरू | ५३ |
| ५.२ | मुस्लिम आयोगका समस्याहरू | ५३ |
| ५.३ | सुझावहरू | ५४ |
| ५.४ | भावी कार्यदिशा | ५८ |
| ५.५ | निष्कर्ष | ५९ |


**अनुसूचीहरू:**


| | | |
|---|---|---|
| १. | आयोगमा कार्यरत कर्मचारीहरूको विवरण | ६० |
| २. | मध्यकालीन खर्च संरचना (आर्थिक वर्ष २०८०/८१-२०८२/८३) | ६१ |
| ३. | आर्थिक वर्ष २०७९/८० का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम | ६६ |
| ४. | आयोगबाट प्रकाशित शुभकामना र प्रेस विज्ञप्तिहरू | ६९ |
| ५. | राष्ट्रिय जनगणना, २०७८ अनुसार मुस्लिम समुदायको जनसंख्या सम्बन्धी विवरण | ७१ |
| ६. | कार्यक्रमका तस्बिरहरू | ७५ |

# परिच्छेद-१
# परिचय

## १.१ मुस्लिम समुदायको सामान्य परिचयः

"मुस्लिम" शब्द इस्लाम धर्मसँग सम्बन्धित छ। इस्लाम र मुस्लिम एक अर्काका पर्यायवाची हुन। "मुस्लिम" एक अरबी शब्द हो। यसलाई फारसीमा "मुसलमान" भनिन्छ। यसको अर्थ एक अल्लाह समक्ष पूर्ण रुपमा आफूलाई समर्पित गर्नु हो। संक्षिप्तमा मुस्लिम त्यसलाई भनिन्छ जसले अन्तिम सन्देस्टा हजात मुहम्मद (स.अ) ले फैलाएको जीवन व्यवस्था (दीन वा धर्म) को पालना गर्दछ र त्यसमाथि आस्थावान हुन्छ। मुस्लिमहरू एक मात्र अल्लाह (ईश्वर) लाई मान्दछन्। यिनीहरू धर्ममा अति निष्ठावान रही अन्तिम पैगम्बर हजरत मोहम्मदको शिक्षा अनुसरण गर्दछन्। कालान्तारमा विभाजन भएका दुई सम्प्रदायमा सिया र सुन्निहरूमध्ये नेपालका मुसलमानहरू सबै सुन्नी समुदायका अनुयायी छन्। यिनीहरूको समाज धार्मिक गुरु इमामद्वारा निर्देशित हुन्छ। समाजमा धार्मिक गुरुबाट नै सबै शुभकामको सुरुवात गर्दछन्। इस्लाम धर्मगुरु इमाम, मौलाना, मौलवीको धार्मिक निर्देशनको सबैले पालना गर्दछन्। इस्लाम धर्मको निर्देशन बिपरितको काम कुनैपनि मुसलमानले गर्नु हुँदैन भन्ने बलियो सैद्धान्तिक मान्यता रहेको छ।

मुस्लिम समुदायको जीवनपद्धती सामाजिक, सास्कृतिक प्रचलन, रीतिरिवाज इस्लाम धर्ममा आधारित रहेको छ। मुस्लिम समुदायमा पाँच स्तम्भको रुपमा (क) तौहीद (कलमा) (ख) नमाज (ग) रोजा (घ) जकात (ङ) हज अनिवार्य मानिन्छ। मस्लिम समुदायले वर्षमा आफनो बचतको २.५ प्रतिशत अनिवार्य रुपले गरिब दीनदुःखीहरूलाई जकात (दान) दिनुपर्ने अनिवार्य व्यवस्था रहेको छ। मुस्लिम समुदायले आफ्नो धार्मिक कार्यका लागि हिज्री संवत्लाई प्रयोगमा ल्याएका छन् भने रमजान (रोजा), इद, बकर इद, मोहर्रम, मोहम्मद डे प्रमुख धार्मिक पर्वहरू रहेका छन्। मुस्लिम समुदायको धार्मिक पठनपाठनको भाषा अरबी/उर्दू भाषा भएता पनि नेपालका प्रायः सबै जिल्लामा बसोबास रहेको मुस्लिम समुदायमाझ बोलिने भाषा भौगोलिक अवस्था अनुसार फरक-फरक रहेको पाइन्छ। मुख्यतया उर्दु, मैथिली, भोजपुरी, अवधी, मिया, बज्जिका, नेवारी लगायतका भाषा मुस्लिम समुदायले प्रयोगमा ल्याउने गरेका छन्। मदरसा शिक्षालाई जोड दिने यस समुदायले मदरसा शिक्षामा कुरआन, अरबी, हदिस, उर्दु भाषामा पढाइने गरेको पाइन्छ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार नेपालमा इस्लाम धर्मावलम्बी मुस्लिमहरूको जनसङ्ख्या १४, ८३,०६६ रहेको छ जुन कुल जनसंख्याको ५.०९ प्रतिशत हुन आउछ। उक्त जनसंख्यामध्ये पुरुषको जनसङ्ख्या ७३२००६ (४९.३६ प्रतिशत) र महिलाको जनसङ्ख्या ७५१०६० (५०.६४ प्रतिशत) रहेको छ। प्रदेशगत रुपमा मुस्लिम समुदायको उपस्थिति र बसोबासको अवस्था हेर्दा सवैभन्दा बढी जनसंख्या क्रमशः मधेश, लुम्बिनी, कोशी, बागमती, गण्डकी, सुदूरपश्चिम र कर्णाली प्रदेशमा रहेको देखिन्छ भने जिल्लागत रुपमा हेर्दा क्रमशः रौतहट, कपिलवस्तु, बाँके, बारा, र सुनसरी लगायतका जिल्लामा बढी जनसंख्या रहेको देखिन्छ। नेपालको भौगोलिक अवस्थिति, प्रदेश तथा जिल्लागत जनसंख्याको विस्तृत विवरण अनुसूची-५ मा उल्लेख गरिएको छ।

## १.२ आयोगको पृष्ठभूमिः

पहिचान र अधिकार प्राप्तिको लामो संघर्ष पछि २०७२ सालमा जारी भएको वर्तमान नेपालको संविधानले मुस्लिम समुदायलाई छुट्टै पहिचान प्रदान गरेको र यस समुदायको हकहितको लागि संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था गरेको छ। नेपालको संविधानको भाग-२७, धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोग रहने जसमा अध्यक्ष र अन्य चार जनासम्म सदस्यहरू रहने व्यवस्था रहेको छ। आयोगका अध्यक्ष र सदस्यहरू संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिद्वारा नियुक्ति हुने व्यवस्था, अध्यक्ष तथा सदस्यहरूको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवा शर्तहरू तथा आयोगको काम कर्तब्य र अधिकार सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने विषय समेत संविधानको सोही धारामा उल्लेख गरिएको छ।

उल्लिखित संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि मुस्लिम आयोग ऐन, २०७४ जारी भई कार्यन्वयनमा रहेको छ। सो ऐनको प्रस्तावनामा मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरण गर्ने जस्ता महत्वपूर्ण विषयहरू समेटिएका छन भने ऐनको दफा ७ ले आयोगको काम कर्तब्य र अधिकारको व्यवस्था गरेको छ। आयोगको मुख्य कार्य मुस्लिम समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिने, आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने, मुस्लिम समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु रहेको छ।

उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था कार्यान्वयन गरी मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७५/१२/७ गते आयोगको अध्यक्ष पदमा माननीय समिम मियाँ अन्सारी नियुक्ति भई विधिवत रुपमा मुस्लिम आयोग गठन भई सञ्चालनमा रहेको छ।

नेपालको सन्दर्भमा मुस्लिम समुदाय मानव विकास सूचकाङ्कको दृष्टिकोणले सबैभन्दा पछाडि रहेको छ। यस समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासका लागि शिक्षा र स्वास्थ्य सेवामा सहज पहुँचको अवसर सिर्जना, क्षमता विकास, सशक्तीकरण तथा सीप विकास सम्वन्धी तालिम, रोजगारी लक्षित कार्यक्रम तथा सार्वजनिक क्षेत्रको रोजगारीमा पहुँच, मुस्लिम समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र सम्बर्द्धनको साथै लैङ्गिक विभेद तथा हिंसा न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न अत्यावश्यक रहेको छ। यसको लागि तीनै तहका सरकारहरूले मुस्लिम समुदायको सामाजिक, आर्थिक, शैक्षिक एवं साँस्कृतिक विकास र उत्थानको लागि विशेष लक्षित नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

यस आयोगबाट आर्थिक वर्ष २०७९/०८० मा सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन नेपालको संविधानको भाग ३२, धारा २९४ तथा मुस्लिम आयोग ऐन, २०७४ को दफा २२ बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्नुपर्ने व्यवस्था अनुसार यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

### १.३ सोचः

सुखी, समृद्ध र आत्मनिर्भर मुस्लिम समुदाय।

### १.४ उद्देश्यः

- मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरण गर्ने,
- मुस्लिम समुदायको आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,
- मुलुकमा उपलब्ध स्रोत तथा साधनहरूमा मुस्लिम समुदायको पहुँच वृद्धि गर्ने,
- ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्ने,
- लैङ्गिक विभेद तथा हिंसाको न्यूनीकरण गर्ने।

## १.५ आयोगको काम कर्तब्य र अधिकारः

नेपालको संविधानको भाग २७, धारा २६४ तथा मुस्लिम आयोग ऐन, २०७४ दफा ७ अनुसार आयोगको काम कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छः-

(क) मुस्लिम समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(ख) मुस्लिम समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(ग) मुस्लिम समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

(घ) मुस्लिम समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भइरहेका नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

(ङ) मुस्लिम समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने।

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने।

(छ) मुस्लिम समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(ज) मुस्लिम समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने।

(झ) मुस्लिम समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(ञ) सबै प्रकारको शोषणको अन्त्य गर्न र मुस्लिम समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने।

(ट) मुस्लिम समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने।

(ठ) मुस्लिम समुदायको अधिकार उलङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ड) मुस्लिम समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

(ढ) मुस्लिम समुदायको भौतिक, अभौतिक संस्कृतिको संरक्षण र सम्बर्द्धनका लागि जिवीत सङ्ग्रहालय स्थापना तथा उदगमस्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्बर्द्धनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने।

(ण) मुस्लिम समुदायको हकहितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने।

(त) मुस्लिम समुदायको पिछडिएको अवस्था र हालको शैक्षिक, राजनैतिक, सामाजिक तथा आर्थिक दुरावस्थाको अध्ययन अनुसन्धान गरी समुदायको विकासका लागि नेपाल सरकारलाई सुझाव दिने।

(थ) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने।

(द) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने।

# परिच्छेद-२
# आयोगको प्रशासनिक एवं संगठनात्मक ढाँचा

## २.१ प्रशासन र संगठन सम्बन्धी पृष्ठभूमिः

मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि नेपालको संविधानको भाग २७, धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएको र मुस्लिम आयोग ऐन, २०७४ अनुसार मुस्लिम आयोग गठन भई सञ्चालनमा रहेको छ। संविधानमा व्यवस्था भए बमोजिम मुस्लिम आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने, राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था रहेको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/०३/०८ को निर्णायानुसार मुस्लिम आयोगको पुनर्संरचना पश्चात् संगठन संरचना र दरबन्दी स्वीकृत भएको थियो। उक्त निर्णयबाट स्वीकृत संगठन संरचना अनुसार आयोगमा एक जना सचिव (रा.प. विशिष्ट श्रेणी) रहने गरी प्रशासन तथा योजना र अधिकार प्रबर्द्धन तथा सशक्तीकरण गरी दुई शाखा रहने गरी सो मातहतमा कर्मचारी व्यवस्थापन गरिएको थियो। मिति २०७५/११/१९ मा जारी भएको केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले विशिष्ट श्रेणीको सचिव पदको सट्टा रा. प. प्रथम श्रेणीको सचिव पद कायम गरिएको हो। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०८/३० को निर्णयानुसार नयाँ दरबन्दी स्वीकृति भई कर्मचारीहरूको साविक दरबन्दीमा कटौती गरी राजपत्रांकित प्रथम श्रेणीको सचिव पद सहित १३ स्थायी स्वीकृत दरबन्दी कायम भएको छ।

## २.२ आयोगको संगठनात्मक ढाँचाः

नेपालको संविधानको भाग २७, धारा २६४ र मुस्लिम आयोग ऐन, २०७४ अनुसार संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको गठन भएको र आयोग सञ्चालनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/८/३० को निर्णयानुसार नयाँ संगठन संरचना सहित स्वीकृत दरबन्दी विवरण देहाय अनुसार रहेको छः-




**पुनश्चः**

- अध्यक्ष, सदस्यहरू र सचिवको सचिवालय तथा अन्य शाखामा रहने कर्मचारीहरू प्रशासन शाखाबाट खटाउन सकिनेछ।
- आयोगका पदाधिकारी/सदस्यहरू नियुक्त भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरू (रा.प.अनं. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिनेछ।
- आयोगका पदाधिकारी/सदस्यहरू नियुक्त भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणीविहीन) प्रत्येक पदाधिकारी/सदस्यलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिनेछ।

- आयोगका पदाधिकारी/सदस्यहरू नियुक्त भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणीविहीन) २ दुई जना सदस्यलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिनेछ।
- कम्प्युटर अपरेटर पद स्थायी पदपूर्ति नभएमा करार सेवाबाट पदपूर्ति गर्न सकिनेछ।
- स्वीपर १ जनाको लागि बजेट व्यवस्था गरी सेवा करारबाट कार्यसञ्चालन गर्न सकिनेछ।

## २.३ विद्यमान दरबन्दी विवरणः

आयोगको स्वीकृत दरबन्दी संरचना अनुसार स्थायी दरबन्दी संख्या कुल १३ र अस्थायी दरबन्दी संख्या १३ सहित कुल दरबन्दी संख्या २६ रहेको छ। आयोगको विद्यमान स्थायी दरबन्दीको विस्तृत विवरण तालिका नं. १ र अस्थायी दरबन्दीको विस्तृत विवरण तालिका नं. २ मा उल्लेख गरिएको छ।

**तालिका नं. १**

**स्थायी दरबन्दी र पदपूर्ति**

| क्र.सं. | पद नाम | श्रेणीतह/ | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | | | १ | |
| २ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | | १ | |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | | २ | |
| ४ | नायव सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | | २ | |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | | १ | |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | | | १ | करार |
| ७ | हलुका सवारी चालक | श्रेणीविहीन | | | | २ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहीन | | | | ३ | |
| **जम्मा** | | | | | | **१३** | |

### तालिका नं.२

### अस्थायी दरबन्दी र पदपूर्ति

| क्र.सं. | पद/श्रेणीको विवरण | स्वीकृत दरबन्दी | कार्यरत कर्मचारीको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | निजी सहायक/रा.प.अनं. प्रथम श्रेणी | ५ | ४ | करार सेवा |
| २ | हलुका सवारी चालक श्रेणीविहीन | ५ | ४ | करार सेवा |
| ३ | कार्यालय सहयोगी श्रेणीविहीन | ३ | ३ | करार सेवा |
| | **जम्मा** | **१३** | **११** | |

यस आयोगमा कम्प्यूटर अपरेटरको पद बाहेक सबै स्थायी दरबन्दीका पदहरू पूर्ति भएका छन्। अस्थायी दरबन्दीतर्फ माननीय अध्यक्ष र माननीय सदस्यहरूको निजी सहायक चार जना, हलुका सवारी चालक चार जना, कार्यालय सहयोगी तीन जना गरी ११ जना कार्यरत रहेका छन् भने यस आयोगको दैनिक सरसफाइका लागि एक जना स्वीपर सेवा करार गरिएको छ। आयोगमा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ।

## २.४ आयोगका माननीय सदस्यहरूको कार्य विभाजनः

मुस्लिम आयोग ऐन, २०७४ को दफा १५ बमोजिम आयोगको बैठक संख्या ५५ मिति २०७८ भदौ ९ गते बसेको बैठकको निर्णयबाट गरिएको माननीय सदस्यहरूको कार्य विभाजन देहाय अनुसार रहेको छः-

### (क) माननीय सदस्य महमदिन अलीको विषयगत एवं भौगोलिक कार्यक्षेत्रः

१) आयोगमा परेका उजुरीहरूको छानविन तथा खाका सहित आयोगमा तोकिएको समयावधिमा प्रतिवेदन पेश गर्ने।

२) मुस्लिम समुदायको थर सूचीकृतलाई अद्यावधिक बनाउनका लागि पहल गर्ने र आवधिक रुपमा अद्यावधिक सूची तयार गरी तोकिएको समयमा आयोगमा पेश गर्ने।

३) स्वास्थ्य, आर्थिक तथा सशक्तीकरणको विषयमा आवश्यक समन्वय र पहल गर्ने।

**४) अन्य कार्यहरूः**

- आफ्नो क्षेत्र तोकिएको विषयमा अध्ययन अनुसन्धान सम्बन्धी कार्यको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

- तोकिएको विषयको नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गरी प्रतिवेदन आयोगमा पेश गर्ने।
- तोकिएको विषयमा भइरहेको नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझावको खाका पेश गर्ने।
- तोकिएको विषयमा नेपाल सरकार र अन्य तोकिएको संघ संस्थाहरूले सञ्चालन गर्ने अनुगमन तथा कार्यक्रमहरूको समीक्षा मूल्याङ्कन गर्ने।

**(ख) माननीय सदस्य मिर्जा अरशद बेगको विषयगत एवं भौगोलिक कार्यक्षेत्रः**

१) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने र प्रगति आयोगको बैठकमा पेश गर्ने।

२) मुस्लिम समुदायको संस्कृतिको संरक्षण र सम्बर्द्धनका लागि जीवित संग्रहालय स्थापना तथा उद्गमस्थलको खोज अनुसन्धान गरी सम्भाव्य विकल्पहरूको खाका पेश गर्ने।

३) सामाजिक विषयहरूमा आवश्यक समन्वय र पहल गर्ने।

**४) अन्य कार्यहरूः**

- आफ्नो क्षेत्र तोकिएको विषयमा अध्ययन अनुसन्धान सम्बन्धी कार्यको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- तोकिएको विषयको नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गरी प्रतिवेदन आयोगमा पेश गर्ने।
- तोकिएको विषयमा भइरहेको नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझावको खाका पेश गर्ने।
- तोकिएको विषयमा नेपाल सरकार र अन्य तोकिएको संघ संस्थाहरूले सञ्चालन गर्ने अनुगमन तथा कार्यक्रमहरूको समीक्षा मूल्याङ्कन गर्ने।

**(ग) माननीय सदस्य मोहम्मद समशुल हकको विषयगत एवं भौगोलिक कार्यक्षेत्रः**

१) नेपाल सरकार तथा अन्य संघ संस्थाले मुस्लिम समुदायको लागि सञ्चालन गरेका कार्यक्रमहरूको प्रगति माग गर्ने, संघ संस्थासँग समन्वय गर्ने।

२) मुस्लिम समुदायको शिक्षा तथा मदरसाको विषयमा आवश्यक समन्वय र पहल गर्ने।

३) कब्रिस्तान, इदगाह सम्बन्धी विषयहरूमा समन्वय र पहल गर्ने ।

**४) अन्य कार्यहरू:**

- आफ्नो क्षेत्र तोकिएको विषयमा अध्ययन अनुसन्धान सम्बन्धी कार्यको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- तोकिएको विषयको नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गरी प्रतिवेदन आयोगमा पेश गर्ने।
- तोकिएको विषयमा भइरहेको नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझावको खाका पेश गर्ने।
- तोकिएको विषयमा नेपाल सरकार र अन्य तोकिएको संघ संस्थाहरूले सञ्चालन गर्ने अनुगमन तथा कार्यक्रमहरूको समीक्षा मूल्याङ्कन गर्ने।

# परिच्छेद-३
# आर्थिक वर्ष २०७९/८० मा स्वीकृत कार्यक्रम र प्रगति विवरण

## ३.१ आर्थिक वर्ष २०७९/०८० मा बजेट विनियोजन, निकासा र खर्चः

आर्थिक वर्ष २०७९/८० मा आयोगलाई नेपाल सरकारबाट चालु खर्च रु. ३,८२,००,०००।- (तीन करोड बयासी लाख रुपैयाँ) र पुँजीगत रु.२५,००,०००।- (पच्चीस लाख) गरी कुल बजेट रु. ४,०७,००,०००।- (चार करोड सात लाख) विनियोजन भएकोमा चालु खर्चतर्फ रु. २,७१,८३,७५९।६१ र पुँजीगततर्फ रु. ४,५५,८३८।- खर्च भएको छ। विनियोजित बजेट र खर्चको विस्तृत विवरण तालिका नं. ३ मा देखाइएको छ।

**तालिका नं. ३**

**आर्थिक वर्ष २०७९/८० मा भएको बजेट विनियोजन, निकासा र खर्चको अवस्था**

| क्र.स. | शीर्षक | वजेट उप शिर्षक | विनियोजित बजेट (रु.हजारमा) | खर्च (रु. हजारमा) | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चालु खर्च पदाधिकारी | २३४०००१३ | ७२०० | ६३३९.९५ | ८८.०५ | |
| २ | चालु खर्च कार्यालय | २३४०००११३ | ३१००० | २०८४४.२० | ६७.२३ | |
| ३ | पुँजीगत खर्च | २३४०००११४ | २५०० | ४५५.८३ | १८.२३ | |
| जम्मा | | | ४०७०० | २७६३९.९८ | ६७.९१ | |

## ३.२ कार्यक्रमको वित्तीय, भौतिक प्रगति र सम्पादित मुख्य-मुख्य कार्यहरूः

मुस्लिम आयोग ऐन, २०७४ को दफा ७ को खण्ड (द) मा आयोगले वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने कानूनी व्यवस्था भए बमोजिम आयोगको बैठकबाट कार्यक्रम स्वीकृत भई सञ्चालन भएका कार्यक्रम र प्रगति विवरणहरूलाई यस परिच्छेदमा समावेश गरिएको छ। यस आयोगबाट मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरण एवं उक्त समुदायको उत्थान र विकास गर्न आयोगलाई प्राप्त बजेटको सीमा, उपलब्ध स्रोत र साधनको परिधिभित्र रही आयोगबाट सञ्चालन भएका कार्यक्रमहरू देहाय बमोजिम रहेका छन्ः-

## आर्थिक वर्ष २०७९/०८० मा स्वीकृत कार्यक्रमहरूको वित्तीय एवं भौतिक प्रगति र सम्पादित मुख्य-मुख्य कार्यहरू

| क्र.सं. | मुख्य कार्यक्रम | इकाई | परिमाण | दर | जम्मा (४*५) | जम्मा खर्च (रु हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक दिवस तथा प्रतिवेदन कार्यक्रम खर्च | पटक | १ | ५०० | ५०० | ७०.४० | |
| २ | लोकसेवा तयारी कक्षा (शाखा अधिकृत र नायब सुब्बा) | पटक | १ | १००० | १००० | ४९१.५५ | |
| ३ | समुदायको आर्थिक सामाजिक सांस्कृतिक लगायतका विविध विषयक सशक्तीकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम | पटक | १२ | २५० | ३००० | ६२५.८७ | |
| ४ | स्नात्तकोतर अध्ययनरत मुस्लिम महिला विद्यार्थीहरूको सशक्तीकरण कार्यक्रम | जना | ७ | २१ | १४७ | अर्थ मन्त्रालयबाट बजेट रोक्का भएको कारण सम्पन्न हुन नसकेको। | |
| ५ | मुस्लिम महिलाहरूको सीप विकास तथा सशक्तीकरण कार्यक्रम | पटक | १ | २५० | २५० | अर्थ मन्त्रालयबाट बजेट रोक्का भएको कारण सम्पन्न हुन नसकेको। | |
| ६ | मदरसा शिक्षा कानून तर्जुमा | पटक | १ | ३०२ | ३०२ | अर्थ मन्त्रालयबाट बजेट रोक्का भएको कारण सम्पन्न हुन नसकेको। | |
| ७ | मुस्लिम राष्ट्रिय नीति प्रकाशन | पटक | १ | २५० | २५० | अर्थ मन्त्रालयबाट बजेट रोक्का भएको कारण सम्पन्न हुन नसकेको। | |

| क्र.सं. | मुख्य कार्यक्रम | इकाई | परिमाण | दर | जम्मा (४*५) | जम्मा खर्च (रु हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ८ | मुस्लिम आयोगको नियमावली/कार्यविधि तर्जुमा | पटक | १ | २५० | २५० | अर्थ मन्त्रालयबाट बजेट रोक्का भएको कारण सम्पन्न हुन नसकेको। | |
| ९ | स्थानीय तहका मुस्लिम समुदायका जनप्रतिनिधिहरूको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम | पटक | ४ | ५०० | २००० | ६२५.८७ | |
| १० | संघ, प्रदेश, स्थानीय तहमा राजनैतिक तहमा मुस्लिम समुदायको सहभागिता सम्बन्धी अध्ययन | पटक | १ | ३५० | ३५० | अर्थ मन्त्रालयबाट बजेट रोक्का भएको कारण सम्पन्न हुन नसकेको। | |
| ११ | ईफ्तार कार्यक्रम | पटक | १ | ३०० | ३०० | अर्थ मन्त्रालयबाट बजेट रोक्का भएको कारण सम्पन्न हुन नसकेको। | |
| १२ | विभिन्न आयोग, संघ, संस्था, निकायहरूसँग अन्तरक्रिया र नियमित पत्रकार भेटघाट | पटक | १ | १५० | १५० | अर्थ मन्त्रालयबाट बजेट रोक्का भएको कारण सम्पन्न हुन नसकेको। | |
| | **कुल जम्मा** | | ५६ | | ६६०० | **वित्तीय प्रगति** १७५९.३०४ (२६.६५ प्रतिशत) **भौतिक प्रगति** १४.२८ प्रतिशत | |

## ३.३ कार्यक्रमतर्फ सम्पादित मुख्य-मुख्य कार्यहरू:

- २०८० साल जेठ ३० गते मंगलबार नवलपरासी पश्चिम जिल्लामा मुस्लिम समुदायको सामाजिक र साँस्कृतिक लगायत विविध विषयक सशक्तीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम मुस्लिम आयोगका माननीय सदस्य मिर्जा अरशद बेगको अध्यक्षतामा सम्पन्न भएको छ। मुस्लिम समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षमा जनचेतनामूलक कार्यपत्र प्रस्तुती माननीय सदस्य महमदिन अलीले गर्नु भएको थियो। सो कार्यक्रममा नीति निर्माण तहमा मुस्लिम समुदायको प्रतिनिधित्वको सुनिश्चितता, राज्य संयन्त्रमा मुस्लिम समुदायलाई आरक्षण दिनुपर्ने जस्ता सुझावहरू प्राप्त भएको थियो।
- २०८० साल असार ४ र ५ गते झापा र सिराहा जिल्लामा मुस्लिम समुदायको सामाजिक र साँस्कृतिक लगायत विविध विषयक सशक्तीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम मुस्लिम आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारीज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। उक्त कार्यक्रममा आयोगका माननीय सदस्य मोहम्मद समशुल हक, सम्बन्धित पालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष लगायतका स्थानीय तहका प्रतिनिधि, जिल्लास्थित सुरक्षा निकायका प्रतिनिधिहरू र मुस्लिम अगुवाहरूको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा नीति निर्माण तहमा मुस्लिम समुदायको प्रतिनिधित्वको सुनिश्चितता, राज्य संयन्त्रमा मुस्लिम समुदायलाई जनसंख्याको आधारमा आरक्षण दिनुपर्ने तथा नीति निर्माणमा मुस्लिम आयोगको भूमिकालाई थप प्रभावकारी बनाइनु पर्ने लगायतका सुझावहरू प्राप्त भएको थियो।
- २०८० साल असार ७ गते सर्लाही जिल्लामा मुस्लिम समुदायको सामाजिक र साँस्कृतिक लगायत विविध विषयक सशक्तीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम आयोगका माननीय सदस्य मोहम्मद समशुल हकको अध्यक्षता र आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। उक्त कार्यक्रममा मधेश प्रदेशका प्रदेशसभा सदस्य माननीय हसिना खातुन, जिल्ला समन्वय समितिका प्रमुख तथा सम्बन्धित पालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष लगायतका स्थानीय तहका प्रतिनिधि, जिल्लास्थित सुरक्षा निकायका प्रतिनिधिहरू र मुस्लिम अगुवाहरूको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा मुस्लिम समुदायलाई जनसंख्याको आधारमा आरक्षण दिनुपर्ने, मुस्लाम समुदायका धार्मिकस्थलहरू मदरसा,

मस्जिद र कब्रिस्तानहरूको विशेष संरक्षण गर्ने कार्यक्रम तय गरिनुपर्ने, समाजमा शान्ति र अमनचयन कायम गरी हरेक समुदायले आफ्ना धार्मिक र साँस्कृतिक चाडपर्वहरू शान्तिपूर्क मनाउन पाउने वातारण सरकारले निर्माण गर्नुपर्ने र सो कार्यमा आयोगले समेत आफ्नो भूमिकालाई थप प्रभावकारी बनाइनु पर्ने लगायतका सुझावहरू प्राप्त भएको थियो।

- २०८० साल असार ११ गते बर्दिया जिल्लाको गुलरियामा मुस्लिम समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक लगायत विविध विषयक सशक्तीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रममा मुस्लिम आयोगका माननीय सदस्य महमदिन अलीको अध्यक्षता तथा माननीय सदस्य मिर्जा अरशद बेगको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। उक्त कार्यक्रम माननीय सभासद, प्रमुख जिल्ला अधिकारी र मुस्लिम समुदाय सम्बद्ध संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। मुस्लिम समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षमा जनचेतनामूलक प्रस्तुती भएको थियो। उक्त कार्यक्रममा स्थानीय तहका पालिकाहरूबाट मुस्लिम समुदायको आर्थिक सशक्तीकरण कार्यक्रम राख्नु पर्ने, यस कार्यमा मुस्लिम आयोगको भूमिका समन्वयकारी हुनुपर्ने, मदरसा, मस्जिद र कब्रिस्तानका लागि विशेष संरक्षण गर्ने कार्यक्रम तय गरिनुपर्ने जस्ता विषयहरू उठान भएको थियो।
- २०८० साल असार ११ गते धनुषा जिल्लामा स्थानीय तहका मुस्लिम समुदायका जनप्रतिनिधिहरूको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रममा मधेश प्रदेश सभाका सभामुख माननीय श्री राम चन्द्र मण्डलको प्रमुख आतिथ्यता तथा आयोगका माननीय अध्यक्षज्यूको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा आयोगका माननीय सदस्य मोहम्मद समशुल हक, मुस्लिम समुदायबाट प्रतनिधित्व गर्ने मधेश प्रदेशका माननीय सदस्यहरू र जिल्लाका सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरू र मुस्लिम समुदाय सम्बद्ध संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।
- २०८० साल असार १२ गते दाङ्गको भालुवाङ्ग, देउखुरीमा स्थानीय तहका मुस्लिम समुदायका जनप्रतिनिधिहरूको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रममा लुम्बिनी प्रदेशका आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्री माननीय सन्तोष कुमार पाण्डेज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको छ। सो कार्यक्रमको अध्यक्षता

माननीय सदस्य महमदिन अली, अतिथि माननीय मिर्जा अरशद बेग र नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष एवं पालिकाका वडा अध्यक्षहरू सहितका जनप्रतनिधिहरूको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा मुस्लिम समुदायलाई प्रदेशबाट के कस्ता कार्यक्रमहरू तय गरिएका छन्, मुस्लिम समुदायको हक, हित संरक्षणका लागि संवैधानिक व्यवस्थाको कार्यान्वयन सम्बन्धमा छलफल भएको थियो। मुस्लिम आयोगको सवैधानिक भूमिका, विद्यमान कानूनी व्यवस्था, आयोगबाट सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता सम्बन्धी छलफल तथा अन्तरक्रिया भएको थियो।

- आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको र मुस्लिम समुदायको हक हित संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणको लागि नेपाल सरकारलाई दिएका सुझावहरू कार्यान्वयन गर्न अनुरोध गरिएको छ।
- आयोगबाट ५० जना मुस्लिम समुदायका विद्यार्थीहरूलाई नायब सुब्बा तहको निःशुल्क लोक सेवा आयोगको तयारी कक्षा सञ्चालन गरिएको छ।

## ३.४ कार्यक्रमबाट प्राप्त भएका मुख्य मुख्य सुझावहरू

आर्थिक वर्ष २०७९/८० मा मुस्लिम आयोगबाट सञ्चालित विभिन्न प्रदेश तथा जिल्लाहरूमा सञ्चालन गरिएका मुस्लिम समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक लगायत विविध विषयक सशक्तीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम तथा स्थानीय तहका मुस्लिम समुदायका जनप्रतिनिधिहरूको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रमहरूमा प्राप्त भएका राय सुझावहरू देहाय बमोजिम रहेका छन्:-

**स्थानीय सरकारका लागि सुझावहरूः**

- पालिकाहरूले मुस्लिम समुदायलाई लक्षित गरी शिक्षा र स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रमहरू बनाई कार्यान्वयन गर्नुपर्ने,
- प्रत्येक स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका मदरसाहरूको Profile तयार गरी अन्य सामुदायिक विद्यालय तथा गुरुकुल शिक्षा सरहका सेवा सुविधा उपलब्ध गराउनु पर्ने,

- मुस्लिम समुदायका विपन्न परिवारलाई गम्भिर प्रकृतिका रोगहरूको स्वास्थ्य उपचारका लागि मापदण्ड बनाई निश्चित रकम सहायता स्वरुप उपलब्ध गराउने व्यवस्था मिलाउने,
- मुस्लिम समुदायलाई व्यावसायिक कृषि तथा पशुपालन व्यावसायमा प्रोत्साहित गर्न कृषि औजार, बिउ-बिजन तथा मल सहायता कार्यक्रम सञ्चालन गर्ने र स्थानीय कृषि तथा पशु उपजको सहज बजारीकरण तथा बिक्री-विरणको प्रबन्ध मिलाउने,
- स्थानीयस्तरमा रोजगारीको सिर्जना गरी मुस्लिम समुदायका युवाहरूलाई रोजगारीको प्रत्याभूति दिलाउने र मुस्लिम समुदाय लक्षित सीप विकास तालिमहरू सञ्चालन गर्ने,
- विपन्न र गरिबीको रेखामुनी रहेका मुस्लिम समुदायको लागि व्यावसाय सञ्चालनका लागि अनुदान तथा स्थानीय सहकारी तथा लघु वित्तमार्फत सहज एवं सहुलियतपूर्ण कर्जाको व्यवस्था मिलाइनु पर्ने,
- पालिकाहरूले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका मुस्लिम समुदायका धार्मिक स्थलहरू मस्जिद, इदगाह, कब्रिस्तानहरूको Profile तयार गरी त्यस्ता स्थलहरूको संरक्षण र सम्बर्द्धनको लागि पर्याप्त बजेट विनियोजन गरिनु पर्ने।

**प्रदेश तथा संघीय सरकारका लागि सुझावहरू:**

- मुस्लिम समुदाय लक्षित कार्यक्रमहरूको अनुगमन गरी कार्यक्रमहरूलाई प्रभावकारी बनाउन उपयुक्त संयन्त्रको विकास गर्ने,
- सीमान्तकृत समुदायको आर्थिक तथा शैक्षिक स्तरोन्नतिका लागि समुदाय लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने,
- मुस्लिम समुदायमा विद्यमान समस्याहरू पहिचान गरी समस्या समाधानको लागि उपयुक्त कार्यक्रम सञ्चालन गर्न अध्ययन अनुसन्धानको दायरालाई बढाउनु पर्ने,
- मुस्लिम समुदायको परम्परागत र धार्मिक मदरसा शिक्षा, मस्जिद, कब्रिस्तान र इदगाह लगायतका धार्मिक स्थलहरूको उचित संरक्षण र सम्बर्द्धनका लागि नीतिगत र कानूनी व्यवस्था गरिनु पर्ने,
- मुस्लिम समुदायको धार्मिक तथा साँस्कृतिक परम्परा एवं रीति-रिवाजको संरक्षण तथा प्रबर्द्धन गर्दै धार्मिक तथा जातीय विभेदको अन्त्य गरी समान अधिकारको सुनिश्चितता गर्ने।

**मुस्लिम आयोगसँग सम्बन्धित सुझावहरूः**

- मुस्लिम समुदायको हक हित तथा कला संस्कृतिको जगेर्नाका लागि आयोगको भूमिकालाई थप प्रभावकारी बनाउने,
- मुस्लिम समुदायमा विद्यमान रहेको अशिक्षा, गरिबी, विभेद जस्ता मुद्दाहरूको समाधानमा आयोगले विशेष पहल गर्नु पर्ने,
- मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन गर्न नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुधारका लागि ठोस सुझाव दिई दिइएका सुझाव तथा गरिएका सिफारिसहरू कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,
- मुस्लिम समुदायमा विद्यमान रहेको विभेद, अशिक्षा, गरिबी जस्ता बिषयमा थप अध्ययन अनुसन्धान गरी सुधारका उपायहरू पहिचान गरेर नेपाल सरकारलाई आवश्यक कार्यक्रमहरू सञ्चालन गर्न सिफारिस गर्ने,
- मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि कार्यक्रमहरू सञ्चालन गर्ने,
- मुस्लिम समुदायको हक हित तथा कला संस्कृतिको जगेर्नाका लागि आयोगले समुदायस्तरमा अन्तर्क्रिया तथा छलफल कार्यक्रम आयोजना गरी समुदायमा सचेतना अभिवृद्धि गर्ने,
- मुस्लिम समुदायको संविधान प्रदत्त अधिकारको सुनिश्चितता गरी हाल कायम रहेको सबै प्रकारको विभेदको अन्त्य गर्न सरकारका तिनै तहहरूमा कानूनी व्यवस्था गर्न पहल गर्नुगर्ने।

## ३.५ पदाधिकारीहरूको भ्रमण तथा उपलब्धिहरूः

| सि.नं. | भ्रमण गरिएको जिल्ला | भ्रमणबाट प्राप्त भएका उपलब्धिहरू |
|---|---|---|
| १ | बारा, पर्सा, रौतहट, महोत्तरी, रुपन्देही, सुनसरी, सिराहा सर्लाही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा, धनुषा र झापा जिल्ला | • बारा जिल्लामा इस्लाम धर्मालम्बीहरूको महान् पर्व ईद उल फित्रका अवसरमा माननीय अध्यक्षज्यूले शुभकामना व्यक्त गर्नु भएको थियो। उक्त कार्यक्रममा मुस्लिम आयोगको संवैधानिक भूमिका र मुस्लिम आयोगले सञ्चालन गरेका गतिविधिहरूको जानकारी गराउनु भएको थियो।<br><br>• माननीय अध्यक्षज्यूले पर्सा जिल्लामा २०७९ साल मङसिरमा हुने निर्वाचनमा मुस्लिम समुदायले शान्तिपूर्णमा सहयोग गर्नुपर्ने विषयमा जोड दिनु भएको थियो। समुदायको आर्थिक तथा शैक्षिक रुपले पछाडि परेको समुदायलाई सचेतनामूलक कार्यक्रम, लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव प्राप्त भएको थियो।<br><br>• रौतहट जिल्लामा मदरसाको संरक्षण गर्नुपर्ने, मदरसाबाट प्रदान गरिने शिक्षाले मुस्लिम समुदायको बालबालिकालाई गुणस्तरीय शिक्षा दिनुपर्ने, मदरसा शिक्षालाई औपचारिक मान्यता दिनुपर्ने जस्ता विषयहरूमा सुझाव प्राप्त भएको थियो।<br><br>• महोत्तरी जिल्लामा धार्मिक सहिष्णुता रहेको हाम्रो देशमा केही स्वार्थ भएका व्यक्तिहरूद्वारा एक आपसमा द्वन्द्व गराउने कार्य भएकोमा यसतर्फ मुस्लिम समुदायहरू सजक हुनुपर्ने र यसरी अवाञ्छित गतिविधिहरू गर्नेलाई कडा कारबाही गरिनुपर्ने जस्ता आवाजहरू आएका छन्। |

### ३.६ आयोगबाट सम्पन्न भएका अन्य गतिविधिहरूको प्रगतिको अवस्थाः

आयोगबाट आर्थिक वर्ष २०७९/०८० मा सम्पादन भएका अन्य गतिविधि र तिनका उपलब्धिहरू देहाय अनुसार रहेका छन्ः-

- मुस्लिम समुदायको एक महिने रमजान (रोजा) ब्रतको अवसरमा सम्माननीय उपराष्ट्रपतिज्यूको प्रमुख आतिथ्यतामा इफ्तार कार्यक्रम सम्पन्न भएको छ।
- आगामी आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित बजेट राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाइएको छ।
- मुस्लिम आयोगको मध्यमकालीन खर्च संरचना तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको छ।
- मुस्लिम आयोगको वेभसाइट www.muslimcommission.gov.np लाई राष्ट्रिय सूचना प्रविधि केन्द्रले निर्धारण गरेको नयाँ ढाँचामा रुपान्तरण गरी सञ्चालनमा ल्याइएको छ।
- हलाल प्रक्रियाको बारेमा standard norms बनाउने, हलाल प्रमाणपत्र जारी गर्ने विषयलाई सरलीकृत बनाई यसको विश्वसनीयता कायम गर्न, हलाल प्रक्रियाको नियमन कार्यलाई व्यवस्थित गरी गुणस्तरीय खाद्यवस्तुको उपभोगको सुनिश्चितता र धार्मिक तथा सांस्कृतिक मूल्य मान्यताको सम्बर्द्धन र संरक्षण गर्ने वातावरण निर्माण गर्न आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधिहरू समेत समावेश गरी हलाल प्रमाणीकरण, व्यवस्थापन र नियमन कार्यदल, २०८० गठन गरी कार्यदल सम्बन्धी कार्य भइरहेको छ।
- मदरसा शिक्षामा देखिएका समस्याहरूको पहिचान गरी मदरसा शिक्षालाई थप व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाई मुस्लिम समुदायका बालबालिकालाई राष्ट्रिय शिक्षाको मूलप्रवाहीकरणमा ल्याउने सरकारको नीतिलाई समेत सहयोग पुर्‍याउन मदरसा शिक्षा समग्र व्यवस्थापनका लागि सर्वस्वीकार्य एकीकृत नीति र मापदण्ड तय गरी लागू गर्न आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधिहरू समेत समावेश गरी मदरसा शिक्षाको नीतिगत सुधार, व्यवस्थापन, समन्वय र अनुगमन कार्यदल, २०८० गठन गरी कार्य भइरहेको छ।
- मुस्लिम समुदायको धार्मिक आस्था, रीतिरिवाज र परम्परासँग जोडिएको कब्रिस्तानको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गर्नको लागि नीति नियम र कार्ययोजना निर्माण गर्न

सहयोग हुने गरी रणनीतिक प्रतिवेदन सहितको दस्तावेज पेश गर्न यस आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधिहरू समेत समावेश गरी कब्रिस्तान संरक्षण, सम्बर्द्धन र व्यवस्थापन कार्यदल, २०८० गठन गरी कार्य भइरहेको छ।

- राज्यका विभिन्न निकायहरूबाट मुस्लिम समुदायले प्राप्त गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय विभिन्न प्रकारका सिफारिस लगायतका अन्य सेवाहरू सरल र सहज रुपमा यथासमयमा उपलब्ध गराउन सम्बन्धित सरोकारवाला निकायहरूसँग आयोगले समन्वयात्मक र सहजीकरणको भूमिका निर्वाह गर्दै आएको छ।
- मधेश प्रदेश लगायत देशका विभिन्न क्षेत्रमा सदियौंदेखि कायम रहदै आएको धार्मिक सहिष्णुता र सामाजिक सद्भावलाई खल्बल्याई धार्मिक र सामाजिक द्वन्द्वको अवस्था सिर्जना गर्न गरिएका हिंसात्मक घटनाहरूको भर्त्सना गर्दै त्यस्ता घटनाहरूको नियन्त्रण गरी दोहोरिन नदिन नेपाल सरकार र प्रदेश सरकारका विभिन्न निकायहरू, संसदीय समिति, सुरक्षा निकाय, विभिन्न राजनितिक दलहरू तथा विभिन्न संघ संस्थाहरूसँग आयोगले धार्मिक सहिष्णुता र सामाजिक सद्भाव कायम गर्न विशेष समन्वयात्मक भूमिका निर्वाह गर्दै आएको छ।
- काठमाडौंस्थित साउदी अरेबियाको राजदूतावासले परराष्ट्र मन्त्रालयमार्फत आयोगलाई गरेको अनुरोधमा साउदी अरबको पवित्र शहर मक्कामा २५ अगष्ट देखि ६ सेप्टेम्बर २०२३ सम्म आयोजना हुने अन्तर्राष्ट्रिय कुरआन प्रतियोगिता (King Abdulaziz International Competition for Memorizing, Reciting and Interpreting the Holy Qur'an 43rd Session मा Third Categories: Memorizing of entire Holy Qur'an with good pronunciation and intonation) मा नेपाली मुस्लिम समुदायको प्रतिनिधित्व गराउन नेपाल भरिका दर्ता भएका मदरसाहरूबाट सिफारिश भई आएका १२ जना प्रतिस्पर्धीहरूमध्ये आयोगबाट गठित विज्ञ समितिबाट छनौट गराई Imaan Madrasa, Bharatpur-16, Jamianagar, Chitwan का १४ वर्षीय मोहम्मद आमिर मियाँलाई मनोनयन गरी प्रतियोगितामा भाग लिन पठाइएको छ।

# परिच्छेद-४
# विविध

### ४.१ आयोगको बैठकका निर्णयहरू:

यस आयोगको आर्थिक वर्ष २०७९/०८० मा १४ वटा बैठकहरू बसेकोमा आयोगका मुख्य-मुख्य बैठकका निर्णयहरू देहाय बमोजिम रहेका छन्:-

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| १ | ७२-<br>२०७९/८/१९ | गौहर शाहीद्वारा सञ्चालित अवैधानिक समूहले काठमाडौंस्थित होटेल के.टि.एम. ठमेलमा आयोजना गर्न लागेको अन्तर्राष्ट्रिय मुस्लिम सम्मेलन रोक्न पहल गरिदिने सम्बन्धमा। | मिति २०७९/०८/१९ गते ८ वटा मुस्लिम समुदाय सम्बद्ध संस्थाहरूले गौहर शाहीद्वारा सञ्चालित अवैधानिक समूहले ४/१२/२०२२ देखि ११।१२/२०२२ सम्म काठमाडौंस्थित होटेल के.टि.एम. ठमेलमा अन्तर्राष्ट्रिय सम्मेलन गर्न गई रहेको छ, जुन सनातनदेखि चलि आएको मुलभूत रुपमा इस्लाम धर्मको मूल्य र मान्यताको विपरित रहेको र मुस्लिम धर्मको आस्था विरुद्ध रहेको हुँदा त्यस अवैधानिक र असामाजिक तत्वले मुस्लिम र इस्लामकै नाम लिएर उपद्रव र अशान्ति फैलाउने प्रयास गरी रहेकोले उक्त सभा रोक्ने सम्बन्धमा पहल गरिदिन आयोगलाई सम्बोधन गरी दिएको निवेदनका सम्बन्धमा छलफल हुँदा निवेदनमा उल्लेख भए बमोजिम गौहर शाहीद्वारा ४/१२/२०२२ देखि ११/१२/२०२२ सम्म होटेल के.टि.एम. ठमेलमा अन्तर्राष्ट्रिय सम्मेलन गर्न गई रहेको जुन सनातनदेखि चलि आएको इस्लाम धर्मको मूल्य र मान्यताको विपरित रहेको र मुस्लिम धर्मको आस्था बिरुद्ध रहेको देखिदा उक्त सम्मेलन रोक्नको लागि गृह मन्त्रालयमा लेखि पठाउने। |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| २ | ७३- २०७९/९/१२ | आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा। | आयोगको प्रशासन तथा योजना शाखाबाट पेश भएबमोजिमको आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने। |
| | | बजेट कार्यक्रम संशोधन सम्बन्धमा। | यस आयोगको लागि आ.व. ०७९/८० मा विनियोजित बजेट तथा कार्यक्रम खर्च/वित्तीय संकेत नं. २२५२२/२.७.२५.३१ स्नातकोत्तर अध्ययनरत मुस्लिम महिला विद्यार्थीहरूको सशक्तीकरण कार्यक्रम रहेकोमा स्नातकोत्तर तहमा अध्ययनरत मुस्लिम महिला विद्यार्थीको संख्या अत्यन्त न्यून रहेको हुँदा उक्त कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न नसकिने अवस्थालाई मध्यनजर गरी विनियोजित बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न मुस्लिम बाहुल्य जिल्लामा कानूनी पैरवीमार्फत सशक्तीकरण गर्न अध्ययन गर्नुपर्ने आवश्यकता रहेको हुँदा उल्लेखित बजेट कार्यक्रम वित्तिय संकेत नं. २२५२२/२.७.२५.३१ स्नातकोत्तर अध्ययनरत मुस्लिम महिला विद्यार्थीहरूको सशक्तीकरण कार्यक्रम संशोधन गरी "मुस्लिम बाहुल्य ६ जिल्लामा कानूनी पैरवीको स्थिति तथा सशक्तीकरण अध्ययन" हुने गरी संशोधन गर्न अर्थ मन्त्रालयमा लेखि पठाउने। |
| ३ | ७४- २०७९/९/१९ | सिफारिसको लागि परिपत्र सम्बन्धमा। | निजामती सेवा ऐन, २०४९ मा मधेशी समुदाय उल्लेख भएको छ। तत् समयको संवैधानिक व्यवस्था अनुसार नै मधेशमा बस्ने मुस्लिम समुदायलाई पनि मधेशीमा राखिएको छ। मधेशी व्यवस्था अन्तर्गत नै मुस्लिम समेत |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | भएको र सोही अनुसार नै मुस्लिम समुदायले लोक सेवामा प्रतिस्पर्धा गर्दै आएको छ। हालसम्म रही आएको यही निजामती सेवा ऐन, २०४९ को कानूनी व्यवस्था अनुसार हाल मुस्लिम समुदायलाई मधेशी मुस्लिम भनी पहिलादेखि दिदै आएको सिफारिस हाल नदिएकोले लोक सेवा आयोगमा प्रतिस्पर्धा गर्नबाट बञ्चित हुन परेको अवस्था देखिएकोले पहिलादेखी दिदै आएको सिफारिसलाई निरन्तरता दिन गृह मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयहरूलाई अनुरोध गर्ने। |
| | | राष्ट्रिय मुस्लिम नीति सम्बन्धमा। | नेपालको संविधानको धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भए अनुसार मुस्लिम आयोग ऐन, २०७४ बमोजिम मुस्लिम आयोग गठन भई सञ्चालनमा रहेको छ। समग्र मुस्लिम समुदायको हकहित संरक्षणका लागि राष्ट्रिय रुपमा मुस्लिम नीति हालसम्म बन्न सकेको छैन। आ.व. २०७८/०७९ मा मुस्लिम नीतिको प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य सम्पन्न भएको छ। यस प्रारम्भिक राष्ट्रिय मुस्लिम नीतिलाई थप परिमार्जन गर्नका लागि विभिन्न मुस्लिम विज्ञहरू, सरोकारवाला संघ संस्थाहरूसँग छलफल गर्न र राष्ट्रिय मुस्लिम नीति तयार गर्नका लागि मुस्लिम आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारीज्यूको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गर्नेः-<br>१. मा. समिम मियाँ अन्सारी, अध्यक्ष - संयोजक<br>२. मा. महमदिन अली, सदस्य - सदस्य |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | ३. मा. मिर्जा अरशद बेग, सदस्य - सदस्य<br>४. मा. मोहम्मद समशुल हक, सदस्य - सदस्य<br>५. विज्ञ २(दुई) जना - सदस्य<br>६. मुस्लिम आयोगका सचिव - सदस्य सचिव<br>समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः-<br>१. आयोगले आ.व. ०७८/७९ मा तयार गरेको राष्ट्रिय मुस्लिम नीतिको प्रारम्भिक मस्यौदालाई अन्तिम रुप प्रदान गरी स्वीकृतीको लागि आयोग समक्ष पेश गर्ने।<br>२. प्रारम्भिक मस्यौदामाथि विज्ञ, सरोकारवाला, मुस्लिम सम्बद्ध व्यक्ति, संघ संस्थाहरूको समेत राय सुझाव माग गरी राष्ट्रिय मुस्लिम नीतिलाई अन्तिम रुप दिने।<br>३. मुस्लिम बाहुल्य भएका देशले जारी गरेका नीतिको समेत अध्ययन गर्ने।<br>४. समितिको कार्य अवधि आयोग समक्ष राष्ट्रिय मुस्लिम नीतिको अन्तिम मस्यौदा पेश गरे पश्चात समाप्त हुनेछ।<br>५. समितिको बैठक भत्ता र खाजा प्रचलित नियमानुसार हुनेछ।<br>६. समितिको कार्यलय मुस्लिम आयोगमा रहनेछ।<br>७. संयोजकको अध्यक्षतामा बैठक बस्नेछ, संयोजकको आदेशानुसार सदस्य सचिवले बैठक बोलाउनेछ।<br>८. समितिके कार्य अवधि बढीमा ३ महिनाको हुनेछ। कार्य नसकिएको भनी |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | समितिले माग गरेमा आयोगले १५ (पन्ध्र) दिन अवधि थप गर्न सक्नेछ।<br>९. समितिले आवश्यक ठानेमा कर्मचारी, अन्य व्यक्ति, वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।<br>१०. समितिको अन्य काम कारबाही प्रचलित कानून तथा आयोगको निर्णयानुसार हुनेछ। |
| ४ | ७५-२०७९/१०/६ | N.O.C. वा सहजीकरण पत्र उपलब्धता सम्बन्धमा। | निवेदक शहवाज अहमद खानले साउदी अरबको मदिनामा रहेको इस्लामिक युनिभर्सिटी अलमदिना अलमनौवरामा ब्याचलर बि.ए. लेबल अध्ययन गर्नको लागि निवेदन गरेकोमा निवेदकलाई उक्त युनिभर्सिटीमा सम्पूर्ण खर्च निशुल्क हुने गरी फुल स्कलरशिप दिएकोले अध्ययन गर्न जानको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, वैदेशिक अध्ययन अनुमति शाखा, सानोठिमी, भक्तपुरबाट N.O.C. वा सहजीकरण पत्र उपलब्ध गराइदिनका लागि यस आयोगबाट सिफारिस गरी पाउन दिनुभएको निवेदन माथि छलफल गरियो। यस्ता प्रकृतिका विद्यार्थीहरूको लागि विगतमा सहजै N.O.C. वा सहजीकरण पत्र उपलब्ध गराइरहेकोमा हाल केही कठिनाई भएको र प्राप्त गर्नै नसकिने गुनासो समेत यस आयोगमा आइरहेको छ। यसर्थ निवेदक लगायत नेपालका मदरसाहरूमा अध्ययनरत अन्य विद्यार्थीहरूले विदेश अध्ययन गर्न जाने अवस्थामा त्यस्ता विद्यार्थीहरूको लागि समेत तहाँ मातहतका निकायबाट N.O.C. वा सहजीकरण पत्र सरल र सहज रुपमा उपलब्ध हुने व्यवस्था गराइदिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखि पठाउने। |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | कब्रिस्तानको जग्गा संरक्षण सम्बन्धमा । | सर्लाही जिल्ला गोडैता नगरपालिका वडा नं. ८ का स्थानीय मुस्लिम बासिन्दाहरू निवेदकहरूले साबिक हनुमाननगर छपकैया सो पछि गोडैता गा.वि.स. वडा नं. ५ हुन आएको कि.नं. ३१६ क्षेत्रफल ०-४-० चार कठ्ठा हाल गोर्डैता नगरपालिका ८ मा रहेको स्थानमा परापूर्वकालदेखि हामीहरूका जिजु बाजे, शाखा सन्तानहरूको मृत शरीरलाई कबर (चिहान) बनाई उपयोग गरिरहेको। उक्त कि.नं. ३१६ को क्षेत्रफल ०-४-० चार कठ्ठा परापूर्वकालदेखि कब्रिस्तानको रुपमा रही आएको र यो क्षेत्र कब्रिस्तान नै हो भन्ने कुरा त्यहाँ रहेका कबरहरू र फिल्डबुकमा समेत उल्लेख गरिएको छ तसर्थ उक्त क्षेत्रमा रहेको उक्त जग्गाको पुरै क्षेत्रमा कब्रिस्तान रहेको र सो कुरा फिल्डबुकमा समेत उल्लेख भएकोले उक्त क्षेत्रलाई संरक्षण गरी हाम्रो धर्म संस्कृतिलाई समेत बचाई पाउन दिनुभएको निवेदनमाथि छलफल हुँदा उल्लेखित गोर्डैता नगरपालिका ८ मा कि.नं. ३१६ क्षे.फ.०-४-० चार कठ्ठा क्षेत्रमा रहेको कब्रिस्तानको संरक्षण गर्न सम्बन्धित निकायहरूमा लेखि पठाउने। |
| ५ | ७६-२०७९/१०/१७ | सहजीकरण सम्बन्धमा | नेपालको संविधानमा उल्लेखित विभिन्न क्लष्टरहरूमध्ये मुस्लिम, मधेशी र थारु समेत रही आएको छ। मधेश भूगोलमा विभिन्न समुदायको बसोबास रही आएको छ। ती समुदायहरूमध्ये मुस्लिम समुदाय पनि ऐतिहासिक उल्लेख्य रुपमा मधेश भुगोलको विभिन्न क्षेत्रमा बसोबास रही आएको छ। तसर्थ मधेश भूगोलमा बस्ने मधेशी मुस्लिम हो भन्ने यथार्यता सर्वविदितै छ। |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
| --- | --- | --- | --- |
| | | | निजामती सेवा ऐन, २०४९ मा मधेशी समुदाय उल्लेख भएको छ। तत् समयको संवैधानिक व्यवस्थाअनुसार नै मधेशमा बस्ने मुस्लिम समुदायलाई पनि मधेशीमा राखिएको छ। यही निजामति सेवा ऐन, २०४९ अनुसार मुस्लिम समुदायलाई मधेशीको पहिचानबाट सिफारिस दिँदै आएकोमा मधेशी आयोगको मिति २०७९/८/२० को बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा पत्र संख्या २०७९/८०, च.नं ७३, मिति २०७९/०८/२१ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई लेखिएको पत्र पश्चात लोक सेवा लगायत अन्य निकायहरूमा प्रतिस्पर्धा गर्न मुस्लिम समुदायलाई सम्बन्धित निकायबाट मधेशीको सिफारिस पाउन अवरोध देखिएको भन्ने व्यापक जन गुनासो आएकोले पहिलादेखि दिँदै आएको सिफारिसलाई निरन्तरता दिने प्रभावकारी उचित व्यवस्थापन गरी सहजै सिफारिस लिनदिन सक्ने अवस्थाको सिर्जना गरी सहयोग गर्न मधेशी आयोगमा लेखि पठाउने। |
| | | हलाल प्रमाणिकरण कार्यदल सम्बन्धमा | हलाल प्रमाणिकरण सम्वन्धी कार्यलाई प्रभावकारी बनाउन देहाय बमोजिम हलाल प्रमाणिकरण कार्यदल गठन गर्नेः-<br>१. मुस्लिम आयोगका अध्यक्ष वा अध्यक्षले तोकेको सदस्य १ जना -संयोजक<br>२. मुस्लिम आयोगका सदस्यहरूमध्येबाट १ जना -सदस्य<br>३. मुस्लिम समुदायका प्रतिष्ठित व्यक्तिहरूमध्येबाट मुस्लिम आयोगले तोकेको व्यक्ति ३ जना -सदस्य<br>४. गुणस्तर विभागको सहसचिवस्तरको प्रतिनिधि १ जना -सदस्य<br>५. मुस्लिम आयोगका सचिव -सदस्य सचिव |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | मदरसा अनुगमन कार्यदल गठन सम्बन्धमा | नेपाल भित्र रहेका मदरसाहरूको अनुगमन गरी आयोग समक्ष प्रतिवेदन पेश गर्न देहाय बमोजिमको मदरसा अनुगमन कार्यदल गठन गर्नेः–<br>१. मुस्लिम आयोगको अध्यक्ष वा अध्यक्षले तोकेको सदस्य १ जना -संयोजक<br>२. मुस्लिम आयोगका सदस्यहरूमध्येबाट १ जना -सदस्य<br>३. मुस्लिम समुदायका प्रतिष्ठित व्यक्तिहरूमध्येबाट मुस्लिम आयोगले तोकेको व्यक्ति ३ जना -सदस्य<br>४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिवस्तरको प्रतिनिधि १ जना -सदस्य<br>५. मुस्लिम आयोगका सचिव -सदस्य सचिव |
| ६ | ७७-२०७९/१२/६ | आ.व. ०८०/८१ को बजेट तथा कार्यक्रम सम्बन्धमा। | राष्ट्रिय योजना आयोगबाट आ.व. २०८०/८१ को लागि यस आयोगलाई प्राप्त बजेटसीमा तथा मार्गदर्शन बमोजिम आयोगको प्रशासन, योजना तथा अनुगमन शाखाबाट तयार गरी पेश हुन आएको यस आयोगको आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रम प्रस्ताव गरी पठाउने। |
| ७ | ७८-२०८०/१/४ | कार्यदलहरूको पुनर्गठन तथा कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने सम्बन्धमा। | मिति २०७९ माघ १७ गते आयोगको बैठकबाट निर्णय नं. २ मा हलाल प्रमाणिकरण कार्यदल र निर्णय नं. ३ मा मदरसा अनुगमन कार्यदल गठन गरिएकोमा मुस्लिम आयोग ऐन, २०७४ को दफा १० बमोजिम कार्यदल वा समिति गठन गर्दा कार्यक्षेत्रगत शर्त समेत तोकिनु पर्नेमा सो नभएको हुदाँ सोही मितिमा गठन भएको कार्यदललाई परिस्कृत र परिमार्जन गर्दै देहाय बमोजिम विज्ञताका आधारमा सदस्य रहने गरी पुनर्गठन गर्ने र कार्यक्षेत्रगत शर्त समेत निर्धारण गर्ने। |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | हलाल प्रमाणिकरण, व्यवस्थापन र नियमन कार्यदल, २०८० गठन र कार्यदलको कार्यक्षेत्रगत शर्त सम्बन्धमा। | मुस्लिम समुदायको आस्था रितिरिवाज र संस्कृतिको अभिन्न अंगको रुपमा रहेको हलाल प्रक्रियाको व्यवस्थापन, प्रमाणीकरण र नियमनका लागि आवश्यक नीति नियम तर्जुमा गर्न समेत सहयोग हुने गरी एकीकृत दस्तावेज (प्रतिवेदन) गर्ने समेत उद्देश्यले मुस्लिम आयोग ऐन, २०७४ को दफा १० को उपदफा (१) बमोजिम देहाय अनुसारको हलाल प्रमाणिकरण, व्यवस्थापन र नियमन कार्यदल, २०८० गठन गरी सोही दफाको उपदफा (२) बमोजिम कार्यक्षेत्रगत शर्त देहाय अनुसार निर्धारण गरियोः-<br>**कार्यदलको रचनाः**<br>१. मुस्लिम आयोगका अध्यक्ष -संयोजक<br>२. मुस्लिम आयोगका सदस्य माननीय महमदिन अली -सदस्य<br>३. मुस्लिम समदायका प्रतिष्ठित व्यक्तिहरूमध्येबाट<br>(क) माननीय सदस्य खालिद सिद्दिकि, राष्ट्रिय सभा नेपाल -सदस्य<br>(ख) माननीय जाकिर हुसैन, सभासद एवं पूर्व राज्यमन्त्री -सदस्य<br>(ग) नजरुल हसन फलाही, अध्यक्ष, इस्लामिक संघ -सदस्य<br>४. गुणस्तर विभागका प्रमुख -सदस्य<br>५. गृह मन्त्रालयका सहसचिवस्तरीय प्रतिनिधि - सदस्य<br>६. प्रहरी प्रधान कार्यालयका प्रहरी नायव महानिरीक्षकस्तरीय प्रतिनिधि -सदस्य<br>७. कार्यदलले आमन्त्रण गरेको विज्ञ २ जना -सदस्य<br>८. मुस्लिम आयोगका सचिव -सदस्य सचिव |

| क.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | **कार्यदलको कार्य तथा कार्यक्षेत्रगत शर्तः**<br>१. हलाल प्रक्रिया के हो र कसरी गरिन्छ भन्ने विषयको अवधारणा पत्र तयार गर्ने।<br>२. हलाल सम्बन्धी प्रक्रियाका बारेमा बाह्य मुलकका प्रचलन कानून, व्यवहारका साथै धार्मिक ग्रन्थहरूको समेत Desk Study गरी अध्ययन गर्ने।<br>३. नेपालमा हलालका विषयमा विद्यमान अवस्थाको अध्ययन, विश्लेषण गरी समस्याहरूको पहिचान गर्ने।<br>४. हलालका लागि योग्य पशु सम्बन्धी मापदण्ड निर्धारण गर्ने।<br>५. हलाल गर्ने व्यक्ति, हलाल गरिने स्थलको बारेमा मापदण्ड तयार गर्ने।<br>६. हलाल प्रयोजनको बिक्री वितरण, भण्डारण, ढुवानी, स्वास्थ्य तथा सरसफाई लगायत मासुजन्य पदार्थको सुरक्षाको मानक निर्धारण गर्ने।<br>७. हलाल खाद्यवस्तुको Packaging, Labeling, Marketing जस्ता विषयहरूका लागि प्रचलित कानूनसँग नबाझिने गरी standard norms तयार गर्ने।<br>८. हलाल प्रमाणीकरण सम्बन्धी विद्यमान कानूनको बारेमा विश्लेषण गर्ने।<br>९. हाल भइरहेको हलाल प्रमाणिकरण तथा हलाल प्रमाणपत्र सम्बन्धी कार्यको अध्ययन, स्थलगत अनुगमन निरीक्षण गर्ने। |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | १०. हलाल प्रमाणपत्र जारी गर्ने निकायका सम्बन्धमा व्यवहारगत अध्ययन विश्लेषण गरी सिफारिस गर्ने।<br>११. हलाल प्रक्रियाको नियमन र गुणस्तरका सम्बन्धमा आवश्यक कार्य गर्ने।<br>१२. हलाल प्रक्रियाको व्यवस्थापन, प्रमाणीकरण र नियमनका लागि आवश्यक नीति नियम तर्जुमा गर्न समेत सहयोग हुने गरी एकीकृत दस्तावेज (प्रतिवेदन) तयार गर्नको निमित्त यस कार्यदलले संघ, प्रदेश र स्थानीय तह र यसका मातहतका सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ।<br>१३. कार्यदलको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।<br>१४. कार्यदलले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।<br>१५. कार्यदलले आफनो कार्यको सिलसिलामा सम्बन्धित क्षेत्रमा स्थलगत अध्ययन अनुगमन गर्न सक्नेछ।<br>१६. कार्यदलको कार्य अवधि पहिलो बैठक बसेको मितिले ६ महिनासम्म कायम रहने छ।<br>१७. कार्यदलले आफूले गरेका कार्यको मासिक प्रतिवेदन आयोग समक्ष पेश गर्नु पर्नेछ।<br>१८. माथि उल्लेखित कार्य सहित हलाल प्रकृयाको व्यवस्थापन, प्रमाणीकरण र नियमनका लागि आवश्यक नीति नियम तर्जुमा गर्न समेत सहयोग हुने |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | गरी एकीकृत दस्तावेज (प्रतिवेदन) तयार गरी कार्यदलले आयोग समक्ष पेश गर्नु पर्नेछ। प्रतिवदेन आयोगलाई बुझाएपछि कार्यदलको अवधि स्वतः समाप्त हुनेछ। |
| | | मदरसा शिक्षाको नीतिगत सुधार, व्यवस्थापन, समन्वय र अनुगमन कार्यदल, २०८० गठन र कार्यदलको कार्यक्षेत्रगत शर्त सम्बन्धमा। | मदरसा शिक्षामा देखिएका समस्याहरूको पहिचान गरी मदरसा शिक्षालाई थप व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाई मुस्लिम समुदायका बालबालिकालाई राष्ट्रिय शिक्षाको मूलप्रवाहीकरणमा ल्याउने सरकारको नीतिलाई समेत सहयोग पुऱ्याउन मदरसा शिक्षाको समग्र व्यवस्थापनका लागि सहज, सरल र सर्वस्वीकार्य एकीकृत रणनीतिक दस्तावेज तयार गर्ने उद्देश्यले मुस्लिम आयोग ऐन, २०७४ को दफा १० को उपदफा (१) बमोजिम देहाय अनुसारको मदरसा शिक्षाको नीतिगत सुधार, व्यवस्थापन, समन्वय र अनुगमन कार्यदल, २०८० गठन गरी सोही दफाको उपदफा (२) बमोजिम कार्यदलको काम वा कार्यक्षेत्रगत शर्त देहाय अनुसार निर्धारण गरियोः-<br>**कार्यदलको संरचनाः**<br>१. मुस्लिम आयोगका अध्यक्ष -संयोजक<br>२. मुस्लिम आयोगका माननीय सदस्य मिर्जा अरसद बेग -सदस्य<br>३. मुस्लिम समुदायका प्रतिष्ठित व्यक्तिहरू मध्येबाट<br>(क) माननीय नजिर मियाँ- सभासद -सदस्य<br>(ख) माननीय जाकिर हुसैन, सभासद एवं पूर्व राज्यमन्त्री -सदस्य |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | (ग) मौलाना शमीम अहमद नदवी, मदरसा सिराजुलउलूम, कृष्णनगर -सदस्य<br>(घ) कलामुद्दिन अन्सारी, अध्यक्ष, मरकजी जमियत अहले हदिस नेपाल, सितापाइला -सदस्य<br>(ङ) अध्यक्ष- ओलमा काउन्सिल नेपाल -सदस्य<br>४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिवस्तरीय प्रतिनिधि -सदस्य<br>५. नेपाल नगरपालिका संघका प्रतिनिधि -सदस्य<br>६. गाउँपालिका राष्ट्रिय महासंघका प्रतिनिधि -सदस्य<br>७. मुस्लिम आयोगका सचिव -सदस्य सचिव<br>**कार्यदलको कार्य वा कार्यक्षेत्रगत शर्तः**<br>१. मदरसाहरूको विद्यमान अवस्थाको विश्लेषण सहित अभिलेखीकरण गर्ने।<br>२. मदरसा शिक्षा सम्बन्धी प्रचलित कानुनी अवस्थाको अध्ययन र विश्लेषण गर्ने।<br>३. हाल सञ्चालनमा रहेका मदरसाहरूलाई व्यवस्थित गरी शिक्षाको मूलधारमा ल्याउनको लागि सहजीकरण गर्ने।<br>४. मदरसा शिक्षाको क्षेत्रमा संलग्न सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने।<br>५. अनुमति प्राप्त नगरी सञ्चालनमा आएका मदरसाहरूलाई विद्यमान कानून बमोजिम अनुमति लिई सञ्चालन गर्न आवश्यक सहजीकरण र उत्प्रेरित गर्ने। |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | ६. मदरसा शिक्षालाई गुणस्तरीय एवं प्रभावकारी बनाउन विद्यमान कानूनी मापदण्ड बमोजिम मदरसाहरूलाई सार्न, गाभ्न तथा नयाँ स्थापनाका लागि सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने।<br>७. मदरसामा अध्ययनरत विद्यार्थीहरूलाई सामुदायिक विद्यालयका विद्यार्थी सरह पाठ्यपुस्तक, छात्रवृत्ति र खाजाको व्यवस्था गर्न सम्बन्धित स्थानीय तहसँग आवश्यक सञ्चार, समन्वय र सहकार्य गर्ने।<br>८. मदरसामा अध्ययन गर्ने विद्यार्थी, अध्यापन गर्ने शिक्षक तथा कर्मचारीहरूको तथ्याङ्क तथा अभिलेख अद्यावधिक गर्ने।<br>९. मदरसाहरूको भौतिक पूर्वाधार विकासका लागि सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने।<br>१०. मदरसा शिक्षा सञ्चालन गर्नको लागि आवश्यक न्यूनतम मापदण्ड तयार गर्ने।<br>११. मदरसा शिक्षाको पाठयक्रम तर्जूमा र लागू गर्नको लागि गर्न सकिने उपायहरूको खोजी गर्ने।<br>१२. मदरसा शिक्षाको समकक्षकता निर्धारण सम्बन्धमा वर्तमान समस्याको पहिचान र निराकरणका उपायहरूको खाका तयार गर्ने।<br>१३. मदरसा शिक्षा सञ्चालनमा प्रदेश र स्थानिय तहको भूमिका बारेमा विस्तृत मार्गदर्शन तयार गर्ने।<br>१४. मदरसा शिक्षा सञ्चालनको लागि विस्तृत रणनीतिक कार्ययोजना निर्माण गर्ने। |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | १५. मदरसा शिक्षाको लागि प्राप्त हुने सहयोग र अनुदानको लागि मापदण्ड तयार गर्ने।<br>१६. उल्लेखित कार्यहरू सम्पादन गर्ने सिलसिलामा कार्यदलले विभिन्न क्षेत्रका मदरसाहरूको स्थलगत अनुगमन र निरीक्षण गर्न सक्नेछ।<br>१७. कार्यदलको बैठकमा आवश्यकतानुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।<br>१८. कार्यदलको कार्य अवधि पहिलो बैठक बसेको मितिले ६ महिनासम्म कायम रहने छ।<br>१९. कार्यदलले आफूले गरेका कार्यको मासिक प्रतिवेदन आयोग समक्ष पेश गर्नुपर्नेछ।<br>२०. माथि उल्लेखित कार्य सहित मदरसा शिक्षाको समग्र व्यवस्थापनका लागि सहज, सरल र सर्वस्वीकार्य एकीकृत रणनीतिक दस्तावेज तयार गरी कार्यदलले आयोग समक्ष पेश गर्नु पर्नेछ। कार्यदलले प्रतिवदेन आयोगलाई बुझाएपछि कार्यदलको अवधि स्वत: समाप्त हुनेछ। |
| | | धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) संरक्षण, सम्बर्द्धन र व्यवस्थापन कार्यदल, | मुस्लिम समुदायको धार्मिक आस्था, रितीरिवाज र परम्परासँग जोडिएको धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) को संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गर्नको लागि नीति नियम र कार्ययोजना निर्माण गर्न सहयोग हुने गरी रणनीतिक प्रतिवदेन सहितको दस्तावेज पेश गर्ने समेत उद्देश्यले मुस्लिम आयोग ऐन, २०७४ को दफा १० को उपदफा (१) बमोजिम देहाय |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | २०८० गठन र कार्यदलको कार्यक्षेत्रगत शर्त सम्बन्धमा। | अनुसारको धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) संरक्षण, सम्बर्द्धन र व्यवस्थापन कार्यदल, २०८० गठन गरी सोही दफाको उपदफा (२) बमोजिम कार्यक्षेत्रगत शर्त देहाय अनुसार निर्धारण गरियोः-<br>**कार्यदलको संरचनाः**<br>१. मुस्लिम आयोगका अध्यक्ष -संयोजक<br>२. मुस्लिम आयोगका माननीय सदस्य मोहम्मद समशुल हक -सदस्य<br>३. मुस्लिम समदायका प्रतिष्ठित व्यक्तिहरूमध्येबाट<br>(क) राज महम्मद अन्सारी- अध्यक्ष, मदनी जामे मस्जिद, सुन्धारा -सदस्य<br>(ख) सफर अली मियाँ- सल्लाहकार, मदिना, मदरसा, मस्जिद परिषद, बुटवल -सदस्य<br>(ग) मिर्जा राशिद बेग- सचिव, लक्ष्मीनगर मदिना मस्जिद, कपिलवस्तु -सदस्य<br>४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिवस्तरीय प्रतिनिधि -सदस्य<br>५. वन तथा वातावरण मन्त्रालयका सहसचिवस्तरीय प्रतिनिधी -सदस्य<br>६. भूमि, व्यवस्था तथा सहकारी मन्त्रालयका सहसचिवस्तरीय प्रतिनिधी -सदस्य<br>७. मुस्लिम आयोगका सचिव -सदस्य सचिव |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | **कार्यदलको कार्य तथा कार्यक्षेत्रगत शर्तः**<br>१. नेपालभरी हाल प्रयोग भईरहेका धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) को नाम, जग्गाको विवरण (स्वामित्व सहित) अभिलेखिकरण गर्ने।<br>२. धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) को बारेमा समस्याहरूको पहिचान गर्ने।<br>३. धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) को व्यवस्थापन, संरक्षण, सम्बर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारको भूमिकाको बारेका स्पष्ट खाका सहितको कार्ययोजना निर्माण गर्ने।<br>४. सार्वजनिक या सामुदायिक जग्गामा धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) बनाउन वर्तमान कानूनको जटिलताको अध्ययन गरी सरलीकृत गर्न सकिने उपायहरूको पहिचान गर्ने।<br>५. समुदायबाट धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) को व्यवस्थापन, संरक्षण र सम्बर्द्धन गर्न सकिने अवस्थाहरूको पहिचान गर्ने।<br>६. धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) को संरक्षण, सम्बर्द्धनका विषयमा वर्तमान प्रचलित कानूनहरूमा गरिएको व्यवस्था बारे अध्ययन गर्ने।<br>७. धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) को लागि सम्भावित र उपयुक्त स्थलहरूको पहिचान गरी उल्लेख गर्ने। |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | ८. धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) को संरक्षण, सम्बर्द्धन र व्यवस्थापनको लागि न्यूनतम मापदण्ड तय गर्ने।<br>९. धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) को संरक्षण, सम्बर्द्धन र व्यवस्थापना लागि आवश्यक नीति नियम र कार्ययोजना तर्जुमा गर्न समेत सहयोग हुने गरी एकीकृत दस्तावेज (प्रतिवेदन) तयार गर्नको निमित्त यस कार्यदलले संघ प्रदेश र स्थानीय तह र यसका मातहतका सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ।<br>१०. कार्यदलको बैठकमा आवश्यकता अनसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।<br>११. कार्यदलले आफनो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।<br>१२. कार्यदलले आफनो कार्यको सिलसिलामा सम्बन्धित क्षेत्रमा स्थलगत अध्ययन अनुगमन गर्न सक्नेछ।<br>१३. कार्यदलको कार्य अवधि पहिलो बैठक बसेको मितिले ६ महिनासम्म कायम रहनेछ।<br>१४. कार्यदलले आफूले गरेका कार्यको मासिक प्रतिवेदन आयोग समक्ष पेश गर्नुपर्नेछ।<br>१५. माथि उल्लेखित कार्य सहित धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) को संरक्षण, सम्बर्द्धन र व्यवस्थापन लागि आवश्यक नीति नियम र कार्ययोजना निर्माण गर्न समेत सहयोग हुने गरी एकीकृत |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | रणनीतिक दस्तावेज (प्रतिवेदन) तयार गरी कार्यदलले आयोग समक्ष पेश गर्नु पर्नेछ। कार्यदलले प्रतिवदेन आयोगलाई बुझाएपछि कार्यदलको अवधि स्वतः समाप्त हुनेछ। |
| ८ | ७९-२०८०/१/३१ | राष्ट्रिय समावेशी आयोगको "उच्च शिक्षाको क्षेत्रमा कार्यान्वयनमा रहेको आरक्षण व्यवस्था" सम्बन्धमा। | राष्ट्रिय समावेशी आयोगको च.नं. २२८ मिति २०७९/१२/२३ को पत्र मार्फत उच्च शिक्षामा आरक्षण व्यवस्था सम्बन्धमा धारणा माग भएकोमा देहायबमोजिमको धारणा पठाउने:-<br>**१. हाल उच्च शिक्षाको क्षेत्रमा कार्यान्वयनमा रहेको आरक्षण व्यवस्था पर्याप्त छ/छैन?**<br>हाल उच्च शिक्षामा कार्यान्वयनमा रहेको आरक्षण व्यवस्था पर्याप्त छैन, किनभने आरक्षित जातीभित्र पनि लक्षित वर्गले अझै पनि यसबाट अपेक्षित रुपमा लाभ प्राप्त गर्न सकेका छैनन्। त्यसैले जाती भित्रको लक्षित वर्गलाई वस्तुनिष्ठ ढंगले परिभाषित गरी आरक्षणको व्यवस्था अझै बढाउनु पर्ने देखिन्छ।<br>**२. हाल उच्च शिक्षाको क्षेत्रमा कार्यान्वयनमा रहेको आरक्षण प्रणालीको असर र प्रभाव कस्तो रहेको छ?**<br>विद्यमान अवस्था मध्यनजर गर्दा लक्षित वर्गमा सकारात्मक प्रभाव रहेको देखिन्छ। तथापि वास्तविक वर्ग समेटिन नसकेको र जातभित्रका Elite वर्ग लाभान्वित भइरहेको गुनासो सर्वत्र देखिन्छ। त्यसैले सकारात्मक रुपले अझै प्रभावकारी हुने गरी कार्य अगाडि बढाउनु पर्छ। |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | ३. **स्नातकोत्तर तहमा आरक्षण आवश्यक पर्छ कि पर्दैन र पर्छ भने किन?**<br>स्नातकोत्तर तहमा पनि आरक्षणको आवश्यकता पर्छ, यसबाट जाती भित्रको लक्षित वर्गको शिक्षाको स्तर विकास गर्नमा मद्दत पुग्छ। यसबाट समुदायको, समाजको विकास हुन्छ, किनकी शिक्षा नै हरेक विकासको मेरुदण्ड हो।<br>४. **स्नातक तहमा आरक्षण प्राप्त गरेको व्यक्तिलाई स्नातकोत्तर तहमा पनि आरक्षण दिन आवश्यक हो होइन?**<br>विभेदको प्रमुख कारणहरूमध्ये आर्थिक कमजोरी एक हो। तसर्थ समावेशीकरणलाई प्रभावकारी बनाउन आर्थिक अबसरमा पहुँच वृद्धि, गरिबीमा उल्लेख्य कटौति अत्यावश्यक छ। शहरमा भन्दा गाउँमा, सुगममा भन्दा दूर्गममा, शिक्षित समाजमा भन्दा अशिक्षित समाजमा विभेद व्याप्त छ त्यसैले समस्या जुन क्षेत्र र जहाँ छ समाधान पनि त्यहिबाट खोज्नु पर्दछ। त्यसैले विद्यमान व्यवस्थाको नतिजा मध्यनजर गर्दा स्नातक तहमा आरक्षण प्राप्त गरेको व्यक्तिलाई स्नातकोत्तर तहमा आरक्षण आवश्यक पर्दैन्, किनकी एकै जनाले विभिन्न तहमा आरक्षणको सुविधा लिनुभन्दा लक्षित वर्ग सबैले आरक्षणको सुविधा लिन पाउनु पर्छ।<br>५. **उच्च शिक्षामा आरक्षण प्रदान गर्नका लागि समूह वा कलष्टरहरू के के हुन सक्दछन्?**<br>हाल भएका समूह वा कलष्टरहरूको व्यापक अध्ययन अनुसन्धान गरी |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
| --- | --- | --- | --- |
| | | | जातीय र वर्गीय पेशागत परम्परा समेतलाई टेवा पुग्ने गरी थप परिमार्जन गर्नका लागि सम्बन्धित विश्वविद्यालय र शिक्षा मन्त्रालयमा समन्वय गर्न उपयुक्त हुने देखिन्छ।<br>६. **आरक्षण प्रदान गर्ने आधार वर्गीय वा जातीय के हुन सक्दछन्?**<br>मुस्लिम समुदायमा धनीहरू पनि छन् जो प्रायः शिक्षित अनि सशक्त पनि छन्। यसकारण मुस्लिम समुदायभित्र पनि आर्थिक र सामाजिक रुपले अति कमजोरहरूलाई विशेष आरक्षणको (आरक्षणभित्रको आरक्षण) व्यवस्था हुनुपर्छ।<br>७. **संविधानको मर्म र भावना अनुसार सामाजिक समावेशीकरणका उद्देश्य पुरा गरी शिक्षाको गुणस्तरमा कमी हुन नदिइ विश्वविद्यालयको उच्च शिक्षामा आरक्षण व्यवस्थालाई प्रभावकारी बनाउन कसरी आरक्षणलाई कार्यान्वयन गर्न सकिन्छ?**<br>• योग्य र सक्षमलाई आरक्षणको सुविधा दिने, आरक्षण लिनेलाई योग्य बनाउन शिक्षाको विशेष व्यवस्था गर्ने, आरक्षण पाएकाको व्यवहारिक पक्ष राम्रो बनाउने, अन्यलाई आरक्षणको सुविधा दिने व्यवस्था गर्ने।<br>• मुस्लिम समुदायको यथार्थ जनसंख्या पत्ता लगाउनु पर्दछ। सकेसम्म छिटो केन्द्रीय जनसंख्या विभागले खण्डीकृत तथ्याङ्क सार्वजनिकीकरण गर्नुपर्दछ। यस पश्चात वास्तविक जनसंख्याको आधारमा कोटा छुट्टाउनु पर्दछ। |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | • वर्तमान संविधानले ग्यारेन्टी गरेको समानुपातिक समावेशी सिद्धान्त अनुसार जनसंख्याको आधारमा मुस्लिम समुदायको प्रतिनिधित्व हुने व्यवस्था कानूनमा गरिनुपर्दछ।<br>• हालको मुस्लिम जनसंख्या निश्चित गरी सोहि अनुसार आरक्षण दिनुपर्ने, दीर्घकालमा आरक्षणभन्दा सशक्तीकरणलाई जोड दिनुपर्ने, यस समुदायमा शिक्षा, स्वास्थ्य र आर्थिक अवस्थाको व्यापक सुधार गर्ने जस्ता कुराहरूलाई जोड दिनुपर्छ।<br>• आरक्षण समावेशी सहभागिताको एउटा मात्र उपाय हो। यसलाई अझ प्रभावकारी बनाउनका लागि यसको आधार जाति, लिङ्ग, क्षेत्रमा मात्र केन्द्रित नभएर आर्थिक सामाजिक परिसूचकका आधारमा पुनरावलोकन गर्दा उपयुक्त हुने देखिन्छ। |
| | | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको CEDAW को सातौं प्रतिवेदन सम्बन्धमा। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. २६५ मिति २०८०/०१/१४ को पत्रसाथ संलग्न महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी (CEDAW) को सातौं प्रतिवेदनको सम्बन्धमा सकारात्मक राय पठाउने। |

<table>
<tr><th>क्र.सं.</th><th>बैठक नं. र निर्णय मिति</th><th>बैठकका प्रस्तावहरू</th><th>बैठकका निर्णयहरू</th></tr>
<tr><td>९</td><td>८०-२०८०/२/२५</td><td>चालु आ.व. को खर्च शीर्षक २२५२२ को कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी।</td><td>यस आयोगको चालु आ.व. को ब.उ.शी.नं. २३४०००११ चालुतर्फ खर्च शीर्षक नं. २२५२२ अन्तर्गत खर्च संकेत नं. २.७.२५.१९ समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका विविध विषयक सशक्तीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रममा रु. ३०,००,०००।- (तीस लाख) बजेट विनियोजन भई अर्थ मन्त्रालयबाट सम्पूर्ण बजेट रोक्का भएकोमा हाल रु. १२,००,०००।-(बाह्र लाख) बजेट फुकुवा भई आएको छ। यस आयोगको मिति २०७९/०९/१२ गतेको बसेको बैठकबाट निर्णय भए बमोजिम उल्लिखित कार्यक्रम सञ्चालन गर्न जिल्लाहरू र बजेट निर्धारण गरिएकोमा उक्त कार्यक्रम सञ्चालन गर्न बजेटमा सामान्य संशोधन गरी देहाय अनुसार जिम्मेवारी तोक्ने निर्णय गरियोः-
<table>
<tr><th>कार्यक्रम</th><th>प्रति जिल्लाप्रति / कार्यक्रम लागत अनुमान</th><th>कार्यक्रम सम्पन्न गर्ने समय</th><th>कार्यक्रम गर्ने जिल्ला</th><th>कार्यक्रम सञ्चालन गर्न जिम्मेवार पदाधिकारी</th></tr>
<tr><td rowspan="4">समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका विविध विषयक सशक्तीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम।</td><td rowspan="4">रु. २,४०,०००।- (दुई लाख चालिस हजार)</td><td rowspan="4">२०८० असार महिनाको पहिलो हप्तासम्म</td><td>झापा, सिराह</td><td>माननीय अध्यक्ष समिम मियाँ अन्सारी</td></tr>
<tr><td>बर्दिया</td><td>मा. महमदिन अली</td></tr>
<tr><td>नवलपरासी पश्चिम</td><td>मा. सदस्य मिर्जा अरशद बेग</td></tr>
<tr><td>सर्लाही</td><td>मा. सदस्य मोहम्मद समशुल हक</td></tr>
</table>
</td></tr>
</table>

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
| --- | --- | --- | --- |
| | | | उल्लिखित कार्यक्रम सञ्चालन गर्न प्रत्येक जिल्लामा अधिकत २०० जना सहभागी हुनु पर्नेछ। कार्यक्रम सञ्चालन गर्दा अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका, २०७७ (अन्तिम संस्करण) को सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड एवं भ्रमण खर्च अनुसार खर्च गर्नु पर्नेछ। |
| १० | ८१-२०८०/२/३२ | साउदी अरबको पवित्र शहर मक्कामा २५ अगष्ट देखि ६ सेप्टेम्बर, २०२३ सम्म हुने अन्तर्राष्ट्रिय Holy Quran प्रतियोगितामा सहभागी छनौट सम्बन्धमा। | साउदी अरबको पवित्र शहर मक्कामा २५ अगष्ट देखि ६ सेप्टेम्बर २०२३ सम्म हुने अन्तर्राष्ट्रिय प्रतियोगिताको लागि काठमाडौंस्थित साउदी अरेबियाको राजदूतावासले लेखेको No. 251-44-636 मिति १५ मे २०२३ को कूटनीतिक नोट सहित परराष्ट्र मन्त्रालयकको प.सं. CAWAA/०७९-८० च.नं. ८०३२ मिति २०८०/०२/०४ गते पत्र मार्फत अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागीका लागि लेखि आएको।<br><br>King Abdulaziz International Competition for Memorizing, Reciting and Interpreting the Holy Qur'an 43rd Session मा Third Categories : Memorizing of entire Holy Qur'an with good pronunciation and intonation मा नेपाली मुस्लिम समुदायको प्रतिनिधित्व गराउन दर्ता भएका मदरसाहरूबाट एक जना प्रतिस्पर्धी छनौट गरी पठाउन मिति २०८०/०२/२३ गते सार्वजनिक सूचना प्रकाशन गरी मिति २०८०/०२/२९ गते सम्म प्राप्त हुन आएका १२ जना प्रतिस्पर्धीहरूमध्येबाट यस आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा तपसिल बमोजिमका संस्थाका प्रतिनिधिहरूको |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | गठित छनौट समितिले अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागीहरूको मूल्याङ्कन गरी संलग्न बमोजिमको प्राप्ताङ्क प्राप्त भएको छ।<br>(क) माननीय समिम मियाँ अन्सारी, मुस्लिम आयोग -संयोजक<br>(ख) Moulana Hafiz Qari Nurul Huda Ansari Azhari, इस्लामिक संघ नेपाल -सदस्य<br>(ग) मौलाना कारी शाहिद मुइन कास्मी, जमिअते ओल्मा नेपाल -सदस्य<br>(घ) हाफिज अशफाक अहमद, जमिअत अहले हदीस नेपाल -सदस्य<br>(ङ) मुफ्ती मोहम्मद उस्मान बरकाती, ओल्मा काउन्सील नेपाल -सदस्य<br>उक्त समितिमा ५ सदस्यमध्ये यस आयोगका माननीय अध्यक्षबाट आयोगको भूमिका निश्पक्ष र तटस्थ हुनुपर्ने एवं निर्णायक भूमिकामा रहनु पर्ने भनी मूल्याङ्कन अंक प्राप्त हुन नआएकोले उक्त समितिका ४ सदस्यले दिएको अंकको आधारमा तालिकीकरण गर्दा सबै भन्दा बढी अंक प्राप्त गर्ने मोहम्मद आमिर मियाँलाई मुस्लिम आयोगले कुनै पनि आर्थिक दायित्व नव्यहोर्ने गरी देहाय बमोजिमको प्रतिस्पर्धीको विवरण सहित King Abdulaziz International Competition for Memorizing, Reciting and Interpreting the Holy Qur'an 43rd Session मा Third Categories: Memorizing of entire Holy Qur'an with good pronunciation and intonation को अन्तर्राष्ट्रिय प्रतियोगितामा मनोनयन गरी परराष्ट्र मन्त्रालयमा पठाउने। |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | **सफल उम्मेदवार**<br><table><tr><th>सि.नं.</th><th>प्रतिस्पर्धीको नाम</th><th>उमेर</th><th>मदरसाको नाम</th><th>औषत प्राप्ताङ्क</th><th>बुवाको नाम</th></tr><tr><td>१</td><td>मोहम्मद आमिर मियाँ</td><td>१४</td><td>Imaan Madrasa, Bharatpur-16, Jamianagar, Chitwan</td><td>१८.२५</td><td>अब्दुल रहमान</td></tr></table> |
| ११ | ८२-२०८०/३/६ | उच्च अदालत जनकपुरको च.न. १४४५२ मिति २०८०/०२/०२ को पत्रमा उल्लेखित मुद्दा नं. ०७८-wo-०७४९ मा यस आयोगलाई स्पष्ट जवाफ पठाइदिने सम्बन्धमा। | उच्च अदालत जनकपुरको च.न. १४४५२ मिति २०८०/०२/०२ को पत्रानुसार उल्लेखित मुद्दा नं. ०७८-wo-०७४९ मा निवेदक केदार देव र विपक्षी मुख्य निर्वाचन अधिकृतको कार्यालय राजविराज, सप्तरी समेत भएको निषेधाज्ञा परमादेश मिश्रित उत्प्रेषण रिट निवेदनमा उच्च अदालत जनकपुरको मिति २०८०/०२/०१ मा भएको आदेशानुसार स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची ७२ को सि.नं. ३५ अन्तर्गत धुनिया जातिलाई अल्पसंख्यक समुहभित्र राखेको देखिदा जिल्ला सप्तरी राजविराज नगरकार्यपालिका सदस्य पदमा मनोनयन दर्ता गरी निर्वाचित भएका इलियास मियाँ र मो. बसिर धुनिया जातिको अल्पसंख्यक समुहभित्र पर्ने व्यक्ति हुन वा होईनन ? सोको स्पष्ट जवाफ पठाईदिनुहुन भनी लेखि आएको सम्बन्धमा आयोगमा छलफल गर्दा इलियास मियाँ र मो. बसिरको नामको आधारमा मात्र धुनिया जातिको अल्पसंख्यक समुहभित्र पर्ने व्यक्ति हुन वा होइनन भनी यकिन गर्न नसकिने व्यहोरा सम्मानीत उच्च अदालत, जनकपुरमा लेखी पठाउने निर्णय गरियो। |

<table>
<tr><th>क्र.सं.</th><th>बैठक नं. र निर्णय मिति</th><th>बैठकका प्रस्तावहरू</th><th>बैठकका निर्णयहरू</th></tr>
<tr><td></td><td></td><td>चालु आ.व. को खर्च शीर्षक २२५२२ को कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी।</td><td>यस आयोगको चालु आ.व. को ब.उ.शी.नं. २३४०००११ चालुतर्फ खर्च शीर्षक नं. २२५२२ अन्तर्गत खर्च संकेत नं. २.७.२५.३३ स्थानीय तहका मुस्लिम समुदायका जनप्रतिनिधिहरूको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम रु. २०,००,०००।- (अक्षेरुपी बीस लाख) बजेट विनियोजन भई अर्थ मन्त्रालयबाट सम्पूर्ण बजेट रोक्का भएकोमा हाल रु. ८,००,०००।- (आठ लाख) बजेट फुकुवा भई आएको छ। यस आयोगको मिति २०७९/०९/१२ गतेको बसेको बैठकबाट निर्णय भए बमोजिम उल्लिखित कार्यक्रम सञ्चालन गर्न प्रति प्रदेश रु. ५,००,०००।- (पाँच लाख) र प्रदेश नं.१, मधेश प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा कार्यक्रम सञ्चालन गर्ने गरी बजेट निर्धारण गरिएकोमा हाल अर्थ मन्त्रालयबाट रु. ८,००,०००।- (आठ लाख) मात्र बजेट फुकुवा भई आएको कारण उक्त कार्यक्रम सञ्चालन गर्न बजेट र स्थानमा संशोधन गरी देहाय अनुसार जिम्मेवारी तोक्ने निर्णय गरियोः-
<table>
<tr><th>कार्यक्रम</th><th>प्रति प्रदेश/प्रति कार्यक्रम लागत अनुमान</th><th>कार्यक्रम सम्पन्न गर्ने समय</th><th>कार्यक्रम गर्ने प्रदेश</th><th>कार्यक्रम सञ्चालन गर्न जिम्मेवार पदाधिकारी</th></tr>
<tr><td rowspan="2">स्थानीय तहका मुस्लिम समुदायका जनप्रतिनिधिहरूको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम</td><td rowspan="2">रु. ४,००,०००।- (चार लाख)</td><td>२०८० असार ११ गते</td><td>मधेश प्रदेश (धनुषा)</td><td>मा. सदस्य मोहम्मद समशुल हक</td></tr>
<tr><td>२०८० असार १२ गते</td><td>लुम्बिनी प्रदेश (दाङ्ग)</td><td>मा. सदस्य महमदिन अली</td></tr>
</table></td></tr>
</table>

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| | | | निर्णय नं. १ मा उल्लिखित कार्यक्रम सञ्चालन गर्न २०७९ सालको स्थानीय तहमा मुस्लिम समुदायबाट निर्वाचित पालिकाका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष र वडा अध्यक्षहरू सम्भव भएसम्म सबैलाई सहभागी गराउने। |
| | | | कार्यक्रम सञ्चालन गर्दा अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका, २०७७ (अन्तिम संस्करण) को सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड एवं भ्रमण खर्च अनुसार खर्च गर्नु पर्नेछ। |
| | | | कार्यक्रममा सहभागिता जनाउने २०७९ सालको स्थानीय तहमा मुस्लिम समुदायबाट निर्वाचित पालिकाका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष र वडा अध्यक्षहरूलाई पारवाहन खर्च रु. १५००।-(एक हजार पाँच सय) मात्र उपलब्ध गराउने। |

| क्र.सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| १२ | ८३-२०८०/३/३१ | माननीय अध्यक्षज्यूको मनोनयन सम्बन्धमा। | परराष्ट्र मन्त्रालय (मध्य एशिया, पश्चिम एशिया तथा अफ्रिका महाशाखा) को प.सं. CAWAA/०७९/८० च.नं. ९६५४ मिति २०८०/०३/२६ गतेको पत्रसाथ प्राप्त यस आयोगका अध्यक्ष माननीय समिम मियाँ अन्सारीज्यूलाई आगामी १३-१४ अगष्ट २०२३ सम्म साउदी अरेबियाको मक्कामा आयोजना हुने First Communication Conference with religious Departments all over the world entitled "Communication and Integration" विषयक कन्फरेन्समा सहभागिताको लागि आमन्त्रण गर्दै साउदी सरकारका Islamic Affairs, Dawash and Guidance Minister Dr. Abdullatif bin Abuul Aziz Al-Asheikh ले पठाउनु भएको निमन्त्रणा पत्र काठमाडौंस्थित साउदी अरेबियाको राजदूतावासको मिति ३ जुलाई २०२३ को कुटनीतिक नोट प्राप्त हुन आएको छ। विश्वस्तरको प्रतिनिधित्व रहने उक्त कन्फरेन्समा नेपालको तर्फबाट समेत प्रतिनिधित्व हुन आवश्यक देखिएकाले यस आयोगका माननीय अध्यक्षज्यूको उक्त कन्फरेन्समा सहभागी हुँदा लाग्ने सम्पूर्ण खर्च नेपाल सरकारबाट व्यहोर्ने गरी मनोनयन हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न उक्त मन्त्रालयमा लेखी पठाउने। |

<table>
<tr><th>क्र.सं.</th><th>बैठक नं. र निर्णय मिति</th><th>बैठकका प्रस्तावहरू</th><th>बैठकका निर्णयहरू</th></tr>
<tr><td></td><td></td><td></td><td>यस आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारीज्यूको आगामी १३-१४ अगस्ट २०२३ सम्मका लागि  विदेश भ्रमणमा लाग्ने अनुमानित खर्चको विवरण
<table>
<tr><th>सि.नं.</th><th>भ्रमण खर्च शीर्षक</th><th>दर</th><th>दिन</th><th>जम्मा</th><th>कुल जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>दैनिक भ्रमण भत्ता</td><td>२२५ डलर</td><td>६</td><td>१३५० डलर</td><td>रु.१,७७,६०६।-</td><td rowspan="6">रु.१३१।५६ का दरले</td></tr>
<tr><td>२</td><td>हवाइ टिकट</td><td></td><td>आतेजाते</td><td></td><td>रु.१,२०,०००।-</td></tr>
<tr><td>३</td><td>भिसा शुल्क</td><td></td><td></td><td></td><td>रु. १०,०००।-</td></tr>
<tr><td>४</td><td>भैपरी खर्च (होटल बास खर्च)</td><td>३५० डलर</td><td></td><td></td><td>रु.४६,०४६।-</td></tr>
<tr><td>५</td><td>पकेट खर्च</td><td>२५ डलर</td><td>६</td><td>१५० डलर</td><td>रु.१९,७३४।-</td></tr>
<tr><td colspan="5">जम्मा अनुमानित खर्च</td><td>रु.३,७३,३८६।-</td></tr>
</table></td></tr>
</table>

# परिच्छेद-५
# समस्या, सुझाव र निष्कर्ष

## ५.१ मुस्लिम समुदायभित्र रहेका समस्याहरूः

यस आयोगबाट विभिन्न मितिमा संघ, प्रदेश र स्थानीय स्तरमा सञ्चालन गरिएका कार्यक्रम, बैठक, छलफल, अन्तर्क्रिया कार्यक्रम र अन्य विभिन्न माध्यमबाट प्राप्त सूचनाका आधारमा मुस्लिम समुदायभित्र रहेका विद्यमान प्रमुख समस्याहरू देहाय बमोजिम रहेका छन्ः-

मुस्लिम समुदायको राज्यको स्रोत, साधन, अवसर र लाभमा न्यायोचित पहुँच नहुनु, मुस्लिम समुदाय मानव विकास सूचकाङ्कमा निकै पछाडि रहनु, राजनैतिक र प्रशासनिक संरचनामा समानुपातिक प्रतिनिधित्व नहुनु, मुस्लिम समुदायको उत्थान र विकासको लागि संघ, प्रदेश र स्थानीय तहमा छुट्टै विशेष नीति तथा कार्यक्रम नहुनु, मुस्लिम समुदायको धार्मिक स्थलहरू (कब्रिस्तान र ईदगाह) को व्यवस्थापनमा संरक्षण र प्रबर्द्धनको लागि सरोकारवाला निकायको ध्यान नजानु, मदरसा शिक्षालाई व्यवस्थित र समयानुकुल बनाउन आवश्यक नीतिगत तथा कानूनी व्यवस्था नहुनु, मदरसाको शैक्षिक पाठ्यक्रम एवं पाठ्यपुस्तकहरूमा एकरुपता नहुनु र सरकारबाट मदरसा शिक्षाको पाठ्यक्रम नबनाइनु, राज्यका तीन तहबाट सञ्चालन हुने आर्थिक तथा सामाजिक सशक्तीकरणमा कार्यक्रममा मुस्लिम समुदायको समुचित सहभागिता नहुनु तथा संस्कृति, भाषा, कला, लिपी र साहित्यको संरक्षण सम्बन्धी कुनै कार्यक्रम नहुनु मुख्य समस्याका रुपमा रहेका छन्।

## ५.२ मुस्लिम आयोगका समस्याहरूः

आयोगको संगठनिक संरचना र कर्मचारीको आकार आयोगको क्षेत्राधिकार अनुरुप ज्यादै सानो तथा आयोगलाई प्राप्त हुने बजेट समेत ज्यादै न्यून भएको हुँदा ऐनले निर्धारण गरेका कार्यहरू प्रभावकारी रुपमा सम्पादन गर्न कठिनाई उत्पन्न भएको छ। आयोगको आफ्नै कार्यालय भवन र भौतिक संरचना तथा साधनहरू नभएकोले नियमित रुपमा कार्यालय सञ्चालनमा समस्या पर्न गएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/८/३० को निर्णयानुसार आयोगमा रहेको स्थायी दरबन्दी समेत कटौती हुँदा अध्ययन अनुसन्धान लगायतका नीतिगत कार्य सम्पादनमा समस्या भएको छ।

## ५.३ सुझावहरू:

मुस्लिम समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण एवं समुदायको उत्थान र विकासका लागि देहायका सुझावहरू नेपाल सरकार समक्ष सिफारिस गरिएको छ:-

### १. नीतिगत क्षेत्रका सुझावहरू:

- समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा मुस्लिम समुदायलाई संविधान प्रदत्त राजनैतिक, आर्थिक र सामाजिक अधिकार सुनिश्चितताका लागि कानुनी व्यवस्था गरी समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने।
- निजामती सेवा, न्याय सेवा, सेना, प्रहरी, संस्थान, बोर्ड, समिति, प्राधिकरण लगायत सबै सार्वजनिक क्षेत्रमा नेपाली मुस्लिम समुदायलाई जनसंख्याको अनुपातको आधारमा छुट्टै आरक्षणको व्यवस्था गरी प्रतिनिधित्व गराउने सम्बन्धी नीतिगत व्यवस्था गर्ने।
- नेपाल सरकारबाट तयार गरिने विभिन्न वार्षिक तथा आवधिक प्रतिवेदन र अध्ययनमा मुस्लिम समुदायको Disaggregated data समेत संकलन र प्रकाशन गर्ने व्यवस्था गर्ने।
- मुस्लिम समुदायको उत्थान र विकासको लागि नेपाल सरकारबाट मुस्लिम बाहुल्य रहेका प्रदेशहरूमा विशेष नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।
- नेपाल सरकार अन्तर्गतका विभिन्न निकायहरूबाट वार्षिक रुपमा कार्यान्वयन गरिने नीति तथा कार्यक्रममा जनसंख्याको अनुपातको आधारमा मुस्लिम समुदाय प्रत्यक्ष रुपमा लाभान्वित हुने गरी बजेट विनियोजन गर्ने।

### २. शैक्षिक क्षेत्रका सुझावहरू:

- मदरसा शिक्षाको विकासमा टेवा पुऱ्याउनको लागि परम्परागत शिक्षा बोर्ड (जसमा मदरसा बोर्ड समेतको व्यवस्था रहेको) को व्यवस्थालाई विद्यालय शिक्षा सम्बन्धी कानून अर्थात प्रस्तावित विद्यालय शिक्षा विधेयक, २०८० मा समावेश गरी मदरसा सञ्चालन सम्बन्धी नियम तर्जुमा गरी कार्यान्वयन गरिनु पर्ने।
- मदरसा शिक्षालाई आधुनिक, व्यवहारिक र वैज्ञानिक बनाई राष्ट्रिय शिक्षामा आबद्ध गर्न आवश्यक कानुनी पूर्वाधार तयार गर्न मदरसा शिक्षा ऐन तर्जुमा गर्ने।
- मदरसा शिक्षालाई राष्ट्रिय शिक्षामा आबद्ध गराउँदै लैजान शिक्षा मन्त्रालयले पाठ्यक्रम तयार गरी लागू गर्ने व्यवस्था गर्ने।

- मदरसाबाट प्राप्त हुने शैक्षिक प्रमाणपत्रलाई समकक्षता प्रदान गर्न शिक्षा मन्त्रालयले नीतिगत व्यवस्था गर्ने।
- मदरसा शिक्षाको गुणस्तर, मदरसाको व्यवस्थापन तथा शैक्षिक अनुशासनको नियमित अनुगमन गर्ने।
- मुस्लिम समुदायको जनसंख्या बढी भएको मधेश प्रदेश र लुम्बिनी प्रदेशमा मदरसा बोर्ड गठन गरिनुपर्ने।
- मुस्लिम समुदायको जनसंख्या बढी भएको पालिकाहरूमा मदरसा सम्बन्धी क्रियाकलाप हेर्ने गरी शाखा/इकाइ तोक्ने व्यवस्था गर्ने।
- मदरसाहरूमा कक्षा १० एस.ई.ई. सम्म नेपाल सरकारको पाठ्यक्रमको आधारमा पठनपाठन हुने व्यवस्था मिलाई मदरसाका विद्यार्थीहरूलाई एस.ई.ई. परीक्षामा सहभागी गराउनु पर्ने।
- मुस्लिम समुदायको बालबालिकाको विद्यालयस्तरको अध्ययनमा सहभागिता वृद्धि गर्न समुदायमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी विद्यालय शिक्षाको महत्वको बारेमा उजागर गर्ने।

३. **आर्थिक तथा सामाजिक सशक्तीकरण क्षेत्रका सुझावहरूः**

- राज्यबाट आर्थिक तथा सामाजिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्दा समानुपातिक समावेशी सिद्धान्त बमोजिम मुस्लिम समुदायको सहभागिता सुनिश्चित हुने व्यवस्था मिलाउने।
- सशक्तीकरण तथा आय आर्जन सम्बन्धी कार्यक्रम सञ्चालन पश्चात् त्यस्ता कार्यक्रमबाट आर्जित ज्ञान र सीपलाई व्यवहारमा रुपान्तरण गर्ने गरी follow up कार्यक्रम र seed money वा प्रविधि हस्तान्तरण कार्यक्रमलाई अनिवार्य गर्ने।
- परम्परागत पेशा, व्यवसाय गर्दै आएका मुस्लिम समुदायको पेशा व्यवसाय स्तरोन्नति र आधुनिकीकरण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने।
- नेपाली मुस्लिम महिलाको उत्थानको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सञ्चालन गर्दै आएको राष्ट्रपति महिला उत्थान कार्यक्रममा मुस्लिम महिलाहरूको सहभागिताको सुनिश्चतता गरिनु पर्ने।

- स्वरोजगार तथा रोजगारको क्षेत्रमा नेपाल सरकारद्वारा विभिन्न सीपमूलक तालिम र स्वरोजगारका कार्यक्रम सञ्चालन गर्दा मुस्लिम समुदायको सहभागिता सुनिश्चित गराउनु पर्ने।
- समुदायलाई रोजगारमूलक बनाउन प्राविधिक शिक्षा तथा सीपमूलक तालिम सञ्चालन गर्ने गरिनु पर्ने।

**४. अन्य विविध क्षेत्रका सुझावहरूः**

- केन्द्र तथा प्रदेशस्तरमा मुस्लिम मुसाफिर खाना (कमिटी हल) र हज गृह निर्माण गर्न पर्यटन संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।
- मुस्लिम समुदायको संस्कृति, भाषा, कला, लिपी र साहित्यको संरक्षण गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले योजना तथा कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने।
- आवश्यकता अनुसार मस्जिद, कब्रिस्तान, ईदगाह आदिको व्यवस्थापन, संरक्षण र प्रबर्द्धन गर्ने कार्य सम्बन्धित स्थानीय तहबाट हुने व्यवस्था मिलाउने।
- मुस्लिम समुदायका भौतिक एवं अभौतिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन एवं विकासका लागि तीनै तहका सरकारहरूबाट विशेष व्यवस्था गर्ने।
- मुस्लिम समुदायको लागि कब्रिस्तान (श्मशानघाट) का लागि जग्गाको व्यवस्था पालिकास्तरबाट हुनुपर्ने।

**५. प्रदेश सरकारसँग सम्बन्धित सुझावहरूः**

- मुस्लिम समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई क्षमता विकास, सशक्तीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- वार्षिक नीति कार्यक्रम र बजेट निर्माण गर्दा मुस्लिम समुदायको हकहित संरक्षण सम्बर्द्धन गर्न आवश्यक राय सुझावको लागि मुस्लिम आयोगसँग समन्वय गरिनु पर्ने।
- प्रदेश सरकारको नीति निर्माण तह, सरकारी सेवा, संस्थान लगायतका अन्य सेवाहरूमा मुस्लिम समुदायको समानुपातिक सहभागिताको सुनिश्चितता हुने गरी कानूनहरूको निर्माण गर्नुपर्ने।

- मुस्लिम समुदाय लक्षित स्वास्थ्य सेवा कार्यक्रमहरू र स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिनु पर्ने।
- मुस्लिम समुदायको समाजिक, आर्थिक, साँस्कृतिक विकासका लागि रणनीतिक कार्ययोजना तयार गरी लागू गरिनु पर्ने।
- मुस्लिम समुदायको पहिचान र तथ्याङ्क संकलनका लागि मुस्लिम आयोगको समन्वयमा स्थानीय तहमार्फत आवश्यक कार्य गर्न बजेट तथा कार्यक्रम तय गर्नुपर्ने।
- मुस्लिम बाहुल्य रहेका र अन्य प्रदेशमा मदरसा, मस्जिद, कब्रिस्तान र इदगाहको संरक्षणका लागि नीतिगत एवं कानूनी व्यवस्था गरिनु पर्ने।
- मुस्लिम समुदाय लक्षित कार्यक्रमको अनुगमन गरी कार्यक्रमहरूलाई प्रभावकारी बनाउन उपयुक्त संयन्त्रको विकास गर्ने।
- सीमान्तकृत समुदायको आर्थिक तथा शैक्षिक स्तरोन्नतिका लागि समुदाय लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने।
- मुस्लिम समुदायमा व्याप्त समस्याको जड पहिचान गरी उपयुक्त कार्यक्रम सञ्चालन गर्न थप अध्ययन अनुसन्धान गर्ने।
- मुस्लिम समुदायको धार्मिक तथा साँस्कृतिक परम्परा एवं रीति-रिवाजको संरक्षण तथा प्रबर्द्धन गर्दै धार्मिक तथा जातीय विभेदको अन्त्य गरी समान अधिकारको सुनिश्चितता गर्ने।
- मुस्लिम समुदाय लक्षित सीप विकास तालिमहरू सञ्चालन गर्ने।
- मुस्लिम समुदायभित्रका महिला तथा विपन्न परिवारलाई व्यवसाय सञ्चालनका लागि अनुदान तथा सहुलियत ऋण सहायताको व्यवस्था गर्ने।
- व्यावसायिक कृषि तथा पशुपालन पेशामा मुस्लिम समुदायलाई प्रोत्साहित गरी समुदाय लक्षित कृषि औजार बिउ-बिजन तथा मल सहायता कार्यक्रमहरू सञ्चालन गर्ने।

## ५.४ भावी कार्यदिशाः

मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि आगामी दिनमा देहायका कार्यहरू सम्पादन गर्ने गरी आयोगले भावी कार्यदिशा निर्देशित गरेको छः-

- मुस्लिम समुदायको समग्र अवस्थाको अध्ययन अनुसन्धान गरी नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा सरकारलाई सुझाव दिने कार्यलाई निरन्तरता प्रदान गर्ने।
- मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि सरकार समक्ष सिफारिस गर्ने।
- मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि आयोगलाई थप सवल र सक्षम तथा अधिकार सम्पन्न बनाउँदै लैजाने।
- मुस्लिम समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन अवस्थाको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने।
- सुखी र समृद्ध मुस्लिम समुदायको विकासका लागि आयोगको भूमिका सशक्त बनाउदै लाने।
- मुस्लिम समुदायभित्र व्याप्त रहेको गरिबी र अशिक्षा न्यूनीकरणमा सहयोग पुऱ्याउन लक्षित कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।
- राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद (आरक्षण) को माध्यमबाट मुस्लिम समुदायको सहभागिता सुनिश्चित गर्दै लैजान सकरात्मक भूमिका निर्वाह गर्ने।
- मुस्लिम समुदायको आर्थिक, सामाजिक र भौतिक विकास लागि नेपाल सरकार, प्रदेश र स्थानीय तहसँग सहकार्य र समन्वय गरी उपयुक्त सुझाव सिफारिस गर्ने।
- संवैधानिक आयोगहरू र सरकारी निकायहरूसँग समसामयिक विषयमा छलफल, समन्वय र सहकार्यको कार्यलाई निरन्तरता दिने।
- मुस्लिम समुदायभित्र रहेको मासु तथा खाद्यान्नको हलाल व्यवस्था सम्बन्धी प्रमाणीकरण, नियमन र व्यवस्थापनको कार्यलाई थप प्रभावकारी बनाउने।

## ५.५ निष्कर्षः

मुस्लिम समुदायको शैक्षिक, आर्थिक र सामाजिक क्षेत्रको उत्थान र विकासका लागि विशेष अधिकारको व्यवस्था गर्न, सीपमुलक एवं चेतनामूलक कार्यक्रम सञ्चालन गरी मुस्लिम समुदायभित्र रहेको अन्धविश्वास, गरिबी, अशिक्षा र बेरोजगारको अवस्थालाई न्यूनीकरण गर्न परम्परागत धार्मिक र शैक्षिक व्यवस्थाको रुपमा रहेको मदरसा शिक्षालाई थप सुदृढ र संस्थागत गर्दै आधुनिकीकरण गर्न आवश्यकता छ। त्यसैगरी मुस्लिम समुदायको राज्यका सम्पूर्ण निकायमा समानुपातिक प्रतिनिधित्वका लागि आवश्यक कानूनी व्यवस्था गर्नुका साथै मुस्लिम समुदायका धार्मिक तथा सांस्कृतिक महत्व राख्ने मस्जिद, मदरसा, ईदगाह, मजार, कर्वला, कब्रिस्तानहरूको अभिलेख, जग्गाको भोगाधिकार र स्वामित्व स्थापित गर्नु अत्यावश्यक रहेको छ। यसको साथै मुस्लिम समुदायभित्र रहेको मासु तथा खाद्यान्नको हलाल व्यवस्था सम्बन्धी प्रमाणीकरण, नियमन र व्यवस्थापनको कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने अवस्था छ। मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरण एवं उत्थान र विकासको लागि राज्य संयन्त्रका विभिन्न निकायबाट सञ्चालित लक्षित कार्यक्रमहरूको पहुँच मुस्लिम समुदायका बिपन्न नागरिकसम्म पुऱ्याउन पर्ने हुन्छ। अतः राज्यले परिकल्पना गरेको समृद्ध नेपाल, सुखी नेपाली तथा दिगो विकासको लक्ष्य प्राप्ती गर्न मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक तथा गुणस्तरीय मानव विकासबाट मात्र सम्भव भएकोले आयोगले तीन तहका सरकार, संसद, न्यायपालिका तथा अन्य संवैधानिक आयोगहरूसँग आवश्यक समन्वय तथा सहकार्य गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्न आवश्यक छ।

# अनुसूची-१
## आयोगमा कार्यरत कर्मचारीहरूको विवरण

| सि.नं. | नाम | पद | शाखा |
|---|---|---|---|
| १ | श्री चण्डी प्रसाद घिमिरे | सचिव | |
| २ | श्री जानुका सुवेदी वाग्ले | उपसचिव | प्रशासन, योजना तथा अनुगमन शाखा |
| ३ | श्री गणेश बस्ताकोटी | शाखा अधिकृत | अधिकार प्रबर्द्धन तथा सशक्तीकरण इकाई |
| ४ | श्री दयाराम तिवारी | शाखा अधिकृत | प्रशासन, योजना तथा अनुगमन शाखा |
| ५ | श्री देवी प्रसाद उप्रेती | लेखापाल | आर्थिक प्रशासन |
| ६ | श्री कविता बुढाथोकी | नायव सुब्बा | प्रशासन, योजना तथा अनुगमन शाखा (जिन्सी) |
| ७ | श्री कमला कुमारी बोहरा | नायव सुब्बा | प्रशासन, योजना तथा अनुगमन शाखा |
| ८ | श्री सुमित्रा खड्का | कम्प्युटर अपरेटर | प्रशासन, योजना तथा अनुगमन शाखा |
| ९ | श्री साहिल अन्सारी | निजी सहायक | माननीय अध्यक्षज्यूको सचिवालय |
| १० | श्री विकास थापा | निजी सहायक | माननीय सदस्यज्यूको सचिवालय |
| ११ | श्री मक्सुद अली | निजी सहायक | माननीय सदस्यज्यूको सचिवालय |
| १२ | श्री सम्स अन्सारी | निजी सहायक | माननीय सदस्यज्यूको सचिवालय |
| १३ | श्री धनलाल तामाङ्ग | हलुका सवारी चालक | माननीय अध्यक्षज्यूको सवारी चालक |
| १४ | श्री प्रेम वली | हलुका सवारी चालक | माननीय सदस्यज्यूको सवारी चालक |
| १५ | श्री राम बहादुर ढकाल | हलुका सवारी चालक | माननीय सदस्यज्यूको सवारी चालक |
| १६ | श्री रोशन महर्जन | हलुका सवारी चालक | माननीय सदस्यज्यूको सवारी चालक |
| १७ | श्री पुरन राज मगर | हलुका सवारी चालक | |
| १८ | श्री रौशन कुमार शाह | हलुका सवारी चालक | |
| १९ | श्री सरस्वती आचार्य | कार्यालय सहयोगी | |
| २० | श्री विजय रुम्बा | कार्यालय सहयोगी | |
| २१ | श्री अन्जना भण्डारी | कार्यालय सहयोगी | |
| २२ | श्री इन्द्रकला कँडेल | कार्यालय सहयोगी | |
| २३ | श्री जुली चौधरी | कार्यालय सहयोगी | |
| २४ | श्री सरिता त्यात | कार्यालय सहयोगी | |
| २५ | श्री कान्छी माया सुफर | स्वीपर | |

# अनुसूची-२
# मध्यकालीन खर्च संरचना
# (आर्थिक वर्ष २०८०/८१-२०८२/८३)

## १. पृष्ठभूमिः

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि संविधानको धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएको र मुस्लिम आयोग ऐन, २०७४ अनुसार मुस्लिम आयोग गठन भई सञ्चालनमा रहेको छ। यस आयोगको मुख्य कार्य मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिने, आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने, मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु रहेका छन्। मुस्लिम समुदाय मानव विकास सूचकाङ्कको दृष्टिकोणले सबैभन्दा कमजोर अवस्थामा रहेको छ। सो समुदाय तथा व्यक्तिहरूको उत्थान एवम् विकासका लागि सीप विकास तालिम, छात्रवृत्ति, कर्जा र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, मातृभाषाको संरक्षण र सम्बर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक रहेको छ। अतः यस समुदायको सामाजिक आर्थिक एवम् सास्कृतिक विकासका लागि रणनैतिक कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

## २. समस्या तथा चुनौतीः

विभिन्न वर्ग र क्षेत्रका समुदाय र मुस्लिम समुदायबीच आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा ठूलो अन्तर रहनु, राज्यको स्रोत, साधन, अवसर र लाभमा मुस्लिम समुदायको न्यायोचित पहुँच नहुनु, राजनीतिक र प्रशासनिक संरचनामा मुस्लिम समुदायको उचित प्रतिनिधित्व नहुनु, मुस्लिम समुदायका अधिकांश जनता गरिबीको रेखामुनी रहेकाले आर्थिक सामाजिक तथा राजनीतिक क्षेत्रमा पछाडि पर्नु, मुस्लिम समुदायभित्रको नकरात्मक सामाजिक मूल्य मान्यता र लैङ्गिक हिंसाको अन्त्य गर्नु प्रमुख समस्या र चुनौती हुन्।

## ३. सोचः

सुखी, समृद्ध र आत्मनिर्भर मुस्लिम समुदाय।

## ४. उद्देश्यः

- मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरण गर्ने,
- मुस्लिम समुदायको आर्थिक सामाजिक, राजनैतिक क्षेत्रमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,
- मुलुकमा उपलब्ध स्रोत तथा साधनहरूमा मुस्लिम समुदायको पहुँच वृद्धि गर्ने,
- ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्ने,
- लैङ्गिक विभेद तथा हिंसाको न्यूनीकरण गर्ने।

## ५. रणनीतिः

१. मुलुकमा उपलब्ध स्रोत साधनहरूमा मुस्लिम समुदायको समानुपातिक पहुँच बढाउने।

२. मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरण गर्ने।

३. राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट मुस्लिम समुदायको सहभागिता सुनिश्चित गर्ने।

४. मुस्लिम समुदायको क्षमता विकास लागि सीप विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी मुलुकमा उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्ने सक्षम जनशक्तिको विकास गर्ने।

५. मुस्लिम समुदायको मातृभाषा एवम् मदरसा शिक्षा र संस्कृतिको संरक्षण एवम् सम्बर्द्धन गर्ने।

६. ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक क्षेत्रको संरक्षण र सम्बर्द्धन गरी अनुसन्धानमूलक कार्य गर्ने ।

७. लैङ्गिक विभेद तथा हिंसाको न्यूनीकरण गर्न विविध कार्यक्रम सञ्चालन गर्ने।

### ६. विषयक्षेत्रगत नतिजा सूचकः

| क्र.सं. | सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम | वटा | ० | ० | १७ | २० | २० |
| २ | अन्तर्क्रिया तथा सचेतनामूलक कार्यक्रम | वटा | ० | १२ | ६ | १० | १० |
| ३ | राष्ट्रिय मुस्लिम नीति तर्जुमा भएको हुने | वटा | ० | ० | १ | ० | ० |
| ४ | वार्षिक प्रतिवेदन प्रकाशन | वटा | १ | १ | १ | १ | १ |
| ५ | कानून तर्जुमा गर्ने | वटा | ० | ० | २ | १ | १ |
| ६ | अध्ययन अनुसन्धान गर्ने | वटा | ० | ५ | ३ | ५ | ५ |
| ७ | निरीक्षण तथा अनुगमन | वटा | ० | ० | १२ | १५ | १५ |
| ८ | लोक सेवा तयारी कक्षा | जना | ० | ६५ | ५० | ५० | ५० |

### ७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमानः

रकम रू. लाखमा

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०८०/८१ | ४२३ | ४०१ | २२ | - | ४२३ | - | - |
| २०८१/८२ | ४३३ | ४१० | २३ | - | ४३३ | - | - |
| २०८२/८३ | ४४२ | ४१७ | २५ | - | ४४२ | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरणः

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि (सुरू र समाप्ति) | लागत रु लाखमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| २३४००००१ | मुस्लिम आयोग | ६ | मुस्लिम समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरण | सालवसाली | ८१.६२ | प्रत्येक वर्ष कम्तिमा ३ वटा विषयमा अध्ययन अनुसन्धान भई तत् तत् विषय क्षेत्रका समस्या पहिचान भएको हुने। मुस्लिम समुदायबाट सरकारी सेवामा पहुँच अभिवृद्धि भएको हुने। मुस्लिम आयोगसँग सम्बन्धित ३ वटा नीति/कानून तर्जुमा भई लागू भएको हुने। वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भएको हुने। मुस्लिम समुदायको क्षमता विकास तथा सशक्तीकरण भएको हुने। |
| २३४०००११ | मुस्लिम आयोग प्रशासनिक खर्च समेत | २ | समावेशीकरण | सालवसाली | | समावेशीकरण प्रवर्द्धन भएको हुने। |

**कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन वर्षको उपलब्धि सूचक र आ.व. २०८०/८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप तहको तालिकामा प्रस्तुत गरिएको छ।**

| ब.उ.शि.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आ.व.२०७९/८० मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| २३४००००१ | मुस्लिम आयोग | • आयोगको वार्षिक प्रतिवेदन मिति २०७९/६/२७ गते सम्माननीय राष्ट्रपति समक्ष पेश भएको। लोक सेवा आयोग तयारी कक्षाका लागि प्रशिक्षार्थी छनौट सम्पन्न भएको। सम्माननीय राष्ट्रिय सभाका अध्यक्षज्यूको प्रमुख आतिथ्यतामा वार्षिक स्थापना दिवसको कार्यक्रम सम्पन्न भएको। | प्रत्येक वर्ष अध्ययन अनुसन्धान भई तत् तत् विषय क्षेत्रका समस्या पहिचान भएको हुने। मुस्लिम समुदायबाट सरकारी सेवामा पहुँच अभिवृद्धि भएको हुने। वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भएको हुने। मुस्लिम समुदायको क्षमता विकास तथा सशक्तीकरण भएको हुने। विभिन्न सरोकारवालाहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको हुने। | संघ, प्रदेश र स्थानीय तहमा मुस्लिम समुदायको राजनीतिक सहभागिता सम्बन्धी अध्ययन अनुसन्धान, वार्षिक प्रतिवेदन प्रकाशन, मुस्लिम आयोगको नियमावली र मदरसा शिक्षा कानून तर्जुमा, समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम मुस्लिम महिलाहरूको सशक्तीकरण कार्यक्रम सञ्चालन। |
| २३४०००११ | मुस्लिम आयोग प्रशासनिक खर्च समेत | • समावेशीकरण | समावेशीकरण वृद्धि भएको हुने। | समावेशीकरणका कार्यक्रम प्रबर्द्धन गर्ने। |

**९. जोखिम पक्ष तथा अनुमानः**

आयोगमा दरबन्दी कटौती भई कर्मचारीको संख्या अन्यन्त कम भएकोले कार्यसम्पादन असर पर्ने जोखिम रहेको छ।

## अनुसूची-३

## आर्थिक वर्ष २०७९।८० का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम

| क्र.सं. | मुख्य कार्यक्रम र संकेत | इकाई | परिमाण | दर | जम्मा (४*५) | कार्यक्रम गर्ने स्थान | कार्यक्रम गर्ने समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक दिवस तथा वार्षिक प्रतिवेदन प्रकाशन | पटक | १ | ५०० | ५०० | | | |
| २ | लोकसेवा तयारी कक्षा (शाखा अधिकृत र नायव सुब्बा) | पटक | १ | १००० | १००० | मधेश प्रदेश (जनकपुर) र लुम्बिनी प्रदेश (बुटवल) (नायव सुब्बास्तर) | दोस्रो तेस्रो त्रैमासिक | |
| ३ | समुदायको आर्थिक सामाजिक सांस्कृतिक लगायतका विविध विषयक सशक्तीकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम | पटक | १२ | २५० | ३००० | पाल्पा, दाङ्ग, बर्दिया, नवलपरासी पश्चिम, महोत्तरी, सिरहा, झापा, उदयपुर, कैलाली, सर्लाही, बारा, रौतहट | दोस्रो तेस्रो र चौथो त्रैमासिक | |

| क्र.सं. | मुख्य कार्यक्रम र संकेत | इकाई | परिमाण | दर | जम्मा (४*५) | कार्यक्रम गर्ने स्थान | कार्यक्रम गर्ने समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४ | स्नात्तकोतर अध्ययनरत मुस्लिम महिला विद्यार्थीहरूको सशक्तीकरण कार्यक्रम | जना | ७ | २१ | १४७ | | दोस्रो र तेस्रो त्रैमासिक | |
| ५ | मुस्लिम महिलाहहरूको सीप विकास तथा सशक्तीकरण कार्यक्रम | पटक | १ | २५० | २५० | स्याङजा | दोस्रो र तेस्रो त्रैमासिक | |
| ६ | मदरसा शिक्षा कानून तर्जुमा | पटक | १ | ३०२ | ३०२ | | | |
| ७ | मुस्लिम राष्ट्रिय नीति प्रकाशन | पटक | १ | २५० | २५० | | | |
| ८ | मुस्लिम आयोगको नियमावली/कार्यविधि तर्जुमा | पटक | १ | २५० | २५० | | | |
| ९ | स्थानीय तहका मुस्लिम समुदायका जनप्रतिनिधिहरूको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम | पटक | ४ | ५०० | २००० | प्रदेश नं.१, मधेश प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश | दोस्रो, तेस्रो र चौथो | |

| क्र.सं. | मुख्य कार्यक्रम र संकेत | इकाई | परिमाण | दर | जम्मा (४*५) | कार्यक्रम गर्ने स्थान | कार्यक्रम गर्ने समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १० | संघ, प्रदेश, स्थानीय तहमा राजनैतिक तहमा मुस्लिम समुदायको सहभागिता सम्बन्धी अध्ययन | पटक | १ | ३५० | ३५० | | | |
| ११ | ईफ्तार कार्यक्रम | पटक | १ | ३०० | ३०० | | | |
| १२ | विभिन्न आयोग संघ संस्था निकायहरूसँग अन्तरक्रिया र नियमित पत्रकार भेटघाट | पटक | १ | १५० | १५० | | | |
| | **कुल जम्मा** | | **५६** | | **६६००** | | | |

# अनुसूचि-४

## आयोगबाट प्रकाशित शुभकामना र प्रेस विज्ञप्तिहरू

मुस्लिम आयोग

जावलाखेल, ललितपुर

प.स.०७९/८०
च.नं. ८२६

मुस्लिम आयोग जावलाखेल, ललितपुर २०७४

मिति:२०७९।१२।०९

रोजा, रमजानको शुभकामना

सर्वप्रथम वि.सं. २०७९ सालको रमजान (रोजा) को शुभअवसरमा स्वदेश तथा विदेशमा रहनुभएका आदरणीय सम्पूर्ण दाजुभाइ, दिदीवहिनी एवं सबै मान्यजनहरुमा हार्दिक मंगलमय शुभकामना, मुवारकवाद व्यक्त गर्दछौं।

इस्लाम धर्मका ५ आधार स्तम्भहरुमध्ये रोजा पनि एक हो। रोजालाई हाम्रो नेपाली भाषामा व्रत, अरवी भाषामा सौम, संस्कृत भाषामा उपवास भनिन्छ भने उर्दु भाषामा रोजा भनिन्छ।

इस्लामी पात्रो अनुसार १२ महिनामध्येको ९ औं महिना रमजान महिना हो। यही रमजान महिनाभरी नै रोजा, व्रत राख्ने गरिन्छ। नेपालका इस्लाम धर्मावलम्वी मुस्लिम समुदायहरुको महत्वपूर्ण पर्व रमजान रोजा यही २०७९ चैत्र ०९ गते देखि प्रारम्भ भएको छ। साझ मस्जिदमा वा घर घरमा "तरावीह" (रोजामा पढिने विशेष नमाज) पढी र प्रत्येक दिन एक महिनासम्म विहान झिसमिसेमा खाना (सेहरी) खाई दिन भरी रोजा, व्रत, उपवास गरिन्छ।

यही महिनामा ईस्लाम धर्मावलम्वीको पवित्र धर्मग्रन्थ "कुरआन" नाजिल (अवतरण) भएको हो। यही रमजान महिनामा वढी भन्दा वढी ईवादत (उपासना) गरिन्छ । प्रत्येक व्यक्तिले आफ्नो कमाईको २.५% जकात र अन्य दान (सद्का) पनि यही महिनामा गरिव, दुखीहरुलाई दिने गरिन्छ । यो रमजान महिनाको विशेष महत्व भएकोले सवैलाई रोजा (व्रत) वस्नका लागि समेत आग्रह गर्दछौं।

यस पर्वले राष्ट्रिय एकता, अखण्डता, आपसी मित्रता, धार्मिक सहिष्णुता अझ वलियो होस्, राष्ट्र निर्माण तथा विकासको मार्गमा अघि वढोस् र समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पना साकार होस् भन्ने शुभेच्छा व्यक्त गर्दछौं।

महमदिन अली
का.वा.अध्यक्ष
मुस्लिम आयोग

# मुस्लिम आयोग

प्रधान कार्यालय, ललितपुर

मुस्लिम आयोग जावलाखेल, ललितपुर २०७४

प.स.०७९/८०
च.नं. ४८८

मिति:२०८०।०३।१३

**ईद-उल अजहा (बक ईद) को शुभकामना !!!**

संवत् २०८० साल असार १४ गते बिहीबारका दिन सम्पूर्ण इस्लाम धर्मावलम्बीको महान् चाड ईद-उल **अजहा (बक ईद)** नेपालमा भव्यताका साथ मनाइदैछ ।१४४४ जिल-हिज्जा महिनाको १० तारिखमा मुस्लिम समुदायले मनाउने **ईद-उल अजहा (बक ईद)** हर्षोल्लासमय वातावरणमा ३ दिनसम्म मनाइने ठूलो चाडपर्व हो।

यस चाडको पावन अवसरमा आपसी रिस, राग र द्वेषलाई विर्सेर एकआपसमा खुसी, सद्भाव तथा शुभकामना आदान प्रदान गरी मनाउने गरिन्छ। यस पर्वमा विहान सवैरै उठेर स्नान गरी शुद्ध हुने र खुलास्थान, इदगाहा वा मस्जिदहरूमा गई इद-उल अजहाको नमाज पढ्ने र एक आपसमा अङ्गालोमा बाँधिएर शुभकामना आदानप्रदान पछि आ-आफ्नो घरमा गई कुर्वानी गर्ने गरिन्छ।

यस पर्वको अवसरमा राष्ट्रिय एकता, अखण्डता, आपसी मित्रता र धार्मिक सहिष्णुतालाई थप सबल र सुदृढ वनाई राष्ट्रिय निर्माण तथा विकासको मार्गमा अघि बढन र समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पना साकार पार्ने प्रेरणा सबैमा मिलोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

यस महान् **ईद-उल अजहा (बक ईद)** को अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

**अध्यक्ष**
**समिम मियाँ अन्सारी**
**मुस्लिम आयोग, जावलाखेल**

**फोन नं. ०१-५४४२६५१, इमेल: muslimcomission.nepal@gmail.com, वेबसाइट**www.muslimcommission.gov.np

# अनुसूचि-५

## राष्ट्रिय जनगणना, २०७८ अनुसार मुस्लिम समुदायको कुल जनसंख्या विवरण

| | कूल | पुरुष | महिला |
|---|---|---|---|
| कुल जनसंख्या | **१४,८३,०६६** | **७,३२,०६६** | **७,५१,०६०** |
| शहरी क्षेत्र | ९६९९७३ | ४८२५७० | ४८७४०३ |
| ग्रामीण क्षेत्र | ५१३०९३ | २४९४३६ | २६३६५७ |
| हिमाली क्षेत्र | ११७२ | ९९५ | १७७ |
| पहाडी क्षेत्र | ७०००० | ४२९४८ | २७०५२ |
| तराई क्षेत्र | १४११८९४ | ६८८०६३ | ७२३३८१ |

**प्रतिशत (कूल जनसंख्या २,९१,६४,५७८)** **५.०९%**

## राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशगत जनसंख्या

| प्रदेश | कुल जम्मा | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| कोशी | २०८३११ | १०२६७७ | १०५६३४ | ४.२० |
| मधेश | ८११८७८ | ३९१२५५ | ४२०६२३ | १३.२८ |
| बागमती | ४८४०५ | ३१७३५ | १६६७० | ०.७९ |
| गण्डकी | २२३६१ | १२३७४ | ९९८७ | ०.९१ |
| लुम्बिनी | ३८१५५८ | १८८१०१ | १९३४५७ | ७.४५ |
| कर्णाली | ३५७० | १९५८ | १६१२ | ०.२१ |
| सुदूरपश्चिम | ६९८३ | ३९०६ | ३०७७ | ०.२६ |
| **कुल** | **१४८३०६६** | **७३२००६** | **७५१०६०** | **५.०९** |

## राष्ट्रिय जनगणना, २०७८ अनुसार जिल्लागत जनसंख्या

| क्र. सं. | जिल्ला | कुल | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | रौतहट | १८३४४८ | ८७९६० | ९५४८८ |
| २ | कपिलवस्तु | १२४३७६ | ५९८९० | ६४४८६ |
| ३ | पर्सा | ११६५०५ | ५८७८३ | ५७७२२ |
| ४ | सुनसरी | ११४४१६ | ५५८०१ | ५८६१५ |
| ५ | बाँके | ११२५४६ | ५६७३९ | ५५८०७ |
| ६ | बारा | ११२२४८ | ५६२२१ | ५६०२७ |
| ७ | महोत्तरी | १०९९१४ | ५१२१३ | ५८७०१ |
| ८ | रुपन्देही | ९०७४४ | ४४६७७ | ४६०६७ |
| ९ | धनुषा | ८४०८० | ३९४१९ | ४४६६१ |
| १० | सर्लाही | ७६६५९ | ३७२२६ | ३९४३३ |
| ११ | सप्तरी | ६७७८२ | ३१७२१ | ३६०६१ |
| १२ | सिराहा | ६१२४२ | २८७१२ | ३२५३० |
| १३ | मोरङ | ५६७५७ | २८१९६ | २८५६१ |
| १४ | झापा | ३३२०० | १६३६४ | १६८३६ |
| १५ | नवलपरासी (पश्चिम) | २८०२८ | १३६४१ | १४३८७ |
| १६ | काठमाडौं | २६३३९ | १७७७५ | ८५६४ |
| १७ | बर्दिया | १४३६३ | ७०६८ | ७२९५ |
| १८ | चितवन | ९५७८ | ५७५८ | ३८२० |
| १९ | दाङ | ७१७९ | ३७६४ | ३४१५ |
| २० | कास्की | ६२१७ | ३९०९ | २३०८ |
| २१ | कैलाली | ५७७५ | ३१३२ | २६४३ |
| २२ | तनहुँ | ५०१२ | २६१८ | २३९४ |
| २३ | ललितपुर | ४०४० | २७९२ | १२४८ |
| २४ | गोरखा | ३३९५ | १६१५ | १७८० |
| २५ | मकवानपुर | ३२४० | १९२१ | १३१९ |

| क्र. सं. | जिल्ला | कुल | पुरुष | महिला |
|---|---|---|---|---|
| २६ | उदयपुर | २७२१ | १२९० | १४३१ |
| २७ | नवलपरासी पूर्व | २५२२ | १४४३ | १०७९ |
| २८ | सुर्खेत | २४८२ | १३६३ | १११९ |
| २९ | स्याङ्जा | २२८४ | १११८ | ११६६ |
| ३० | भक्तपुर | २१०२ | १४५८ | ६४४ |
| ३१ | पाल्पा | १५१४ | ८८३ | ६३१ |
| ३२ | धादिङ | १३२० | ७५९ | ५६१ |
| ३३ | अर्घाखाची | १२१३ | ५७९ | ६३४ |
| ३४ | लमजुङ्ग | ११९४ | ६५३ | ५४१ |
| ३५ | बाग्लङ | ८५५ | ४६५ | ३९० |
| ३६ | प्युठान | ७७८ | ३९० | ३८८ |
| ३७ | काभ्रेपलान्चोक | ६८१ | ५१९ | १६२ |
| ३८ | पर्वत | ६१८ | ३५३ | २६५ |
| ३९ | गुल्मी | ५४३ | ३०६ | २३७ |
| ४० | कन्चनपुर | ५३२ | ३३५ | १९७ |
| ४१ | नुवाकोट | ५१५ | ३०८ | २०७ |
| ४२ | संखुवासभा | ४९१ | ४७९ | १२ |
| ४३ | दैलेख | ४८६ | २३५ | २५१ |
| ४४ | सिन्धुली | ३१५ | २२२ | ९३ |
| ४५ | अछाम | ३१३ | १९२ | १२१ |
| ४६ | सल्यान | २९० | १५२ | १३८ |
| ४७ | रोल्पा | २७३ | १६३ | ११० |
| ४८ | म्याग्दी | २३४ | १७५ | ५९ |
| ४९ | ईलाम | २२९ | १६८ | ६१ |
| ५० | पाँचथर | १६६ | १०९ | ५७ |
| ५१ | धनकुटा | १४४ | ९७ | ४७ |
| ५२ | बाजुरा | १२० | ५४ | ६६ |

| क्र. सं. | जिल्ला | कुल | पुरुष | महिला |
|---|---|---|---|---|
| ५३ | डोटी | ११४ | ९२ | २२ |
| ५४ | ताप्लेजुङ | ११२ | ११२ | ० |
| ५५ | दोलखा | १०७ | ९४ | १३ |
| ५६ | सिन्धुपाल्चोक | १०४ | ७८ | २६ |
| ५७ | जुम्ला | ९८ | ६४ | ३४ |
| ५८ | रुकुम (पश्चिम) | ९४ | ६५ | २९ |
| ५९ | डडेलधुरा | ७१ | ५१ | २० |
| ६० | जाजरकोट | ६७ | ४१ | २६ |
| ६१ | रामेछाप | ४८ | ३७ | ११ |
| ६२ | दार्चुला | ३५ | ३२ | ३ |
| ६३ | डोल्पा | ३२ | २४ | ८ |
| ६४ | भोजपुर | २८ | २६ | २ |
| ६५ | मुस्ताङ | २७ | २२ | ५ |
| ६६ | खोटाङ | २३ | १७ | ६ |
| ६७ | बैतडी | २३ | १८ | ५ |
| ६८ | रसुवा | १६ | १४ | २ |
| ६९ | तेह्रथुम | १५ | ११ | ४ |
| ७० | मुगु | १३ | ८ | ५ |
| ७१ | कालीकोट | ८ | ६ | २ |
| ७२ | सोलुखुम्बु | ६ | ५ | १ |
| ७३ | ओखलढुंगा | ३ | २ | १ |
| ७४ | मनाङ | ३ | ३ | ० |
| ७५ | रुकुम पूर्व | १ | १ | ० |
| ७६ | हुम्ला | ० | ० | ० |
| ७७ | बझाङ | ० | ० | ० |
| कुल जम्मा | | १४८३०६६ | ७३२००६ | ७५१०६० |

## अनुसूचि-६

# कार्यक्रमका तस्विरहरू





*२०७९ साउन ४ गते आयोगको आ.व. ०७८/७९ को वार्षिक प्रतिवेदन उपर महिला तथा सामाजिक विकास समितिमा छलफल तथा छलफल पश्चातको सामुहिक तस्विर*



**२०७९ भदौ १७ गते Arab Parliament का Vice President र UAE का सांसदहरूसँग आयोगमा शिष्टाचार भेटघाट**



**२०७९ असोज ३ गते संविधान दिवसको अवसरमा आयोजित कार्यक्रम**



*२०७९ असोज ३ गते संविधान दिवसको अवसरमा आयोजित कार्यक्रम*




*आयोगद्वारा आयोजित वि.सं. २०७९ सालको विजया दशमी, तिहार, नेपाल संवत् ११४३ र छठ पर्वहरूको अवसरमा शुभकामना आदान-प्रदान कार्यक्रम*



२०७९ माघ १३ गते आयोगमा आयोजित संघीय संसद तथा प्रदेशसभामा नवनिर्वाचित माननीय सदस्यहरूलाई स्वागत तथा शुभकामना प्रदान गरिएको कार्यक्रम



२० फेब्रुअरी, २०२३ मा UAE का सभामुखसँग शिष्टाचार भेटघाट पश्चात माननीय अध्यक्षज्यूबाट मायाँको चिनो प्रदान गर्दै साथमा राष्ट्रियसभाका सम्माननीय अध्यक्षज्यू







२०७९ चैत्र ७ गते राष्ट्रियसभाका सम्माननीय अध्यक्षज्यूको प्रमुख आतिथ्यतामा आयोगको चौथो वार्षिक स्थापना दिवसमा आयोजित कार्यक्रम






२०७९ चैत्र १२ गते सम्मानीय उपराष्ट्रपतिज्यूको प्रमुख आतिथ्यता र प्रतिनिधिसभाका सम्मामाननीय सभामुख र राष्ट्रिय सभाका सम्मामाननीय अध्यक्षज्यूको विशिष्ट आतिथ्यतामा आयोजित ईफ्तार कार्यक्रम




२०७९ फागुन २६ गते मधेश प्रदेशको धनुषामा लोक सेवा तयारी कक्षा अभिमुखिकरण कार्यक्रमको उद्घाटन समारोह




२०७९ फागुन ३० गते लुम्बिनी प्रदेशको वुटवलमा लोक सेवा तयारी कक्षा अभिमुखिकरण कार्यक्रमको उद्घाटन समारोह



२०७९ चैत्र १५ गते आयोगको तर्फबाट माननीय अध्यक्षज्यूद्वारा नवनिर्वाचित सम्माननीय राष्ट्रपतिज्यूलाई बधाई तथा शुभकामना ज्ञापन



२०८० जेठ २१ गते साउदी अरबको मक्कामा आयोजना हुने अन्तर्राष्ट्रिय Holy Quran प्रतियोगितामा सहभागी मनोनयन गरी पठाउन आयोगमा आयोजित सहभागी छनौट कार्यक्रम



*२०८० जेठ २१ गते साउदी अरबको मक्कामा आयोजना हुने अन्तर्राष्ट्रिय Holy Quran प्रतियोगितामा नेपालको तर्फबाट सहभागी मनोनयन गरी पठाउन आयोगमा आयोजित सहभागी छनौट कार्यक्रम पश्चात*




*२०८० जेठ ३० गते लुम्बिनी प्रदेशको नवलपरासी पश्चिम जिल्लाको परासीमा आयोजित मुस्लिम समदायको विविध विषयमा आयोगको भूमिका विषयक कार्यक्रम*




**२०८० जेठ ३० गते लुम्बिनी प्रदेशको नवलपरासी पश्चिम जिल्लाको परासीमा आयोजित मुस्लिम समदायको विविध विषयमा आयोगको भूमिका विषयक कार्यक्रम**




**२०८० असार ४ गते कोशी प्रदेशको झापा जिल्लामा आयोजित मुस्लिम समदायको विविध विषयमा आयोगको भूमिका विषयक कार्यक्रम**




*२०८० असार ५ गते मदेश प्रदेशको सिराह जिल्लामा आयोजित मुस्लिम समदायको विविध विषयमा आयोगको भूमिका विषयक कार्यक्रम*




*२०८० असार ७ गते मधेश प्रदेशको सर्लाही जिल्लाको मलंगवामा आयोजित मुस्लिम समदायको विविध विषयमा आयोगको भूमिका विषयक कार्यक्रम*



२०८० असार ११ गते मधेश प्रदेशको धनुषामा आयोजित प्रदेशस्तरीय स्थानीय तहका मुस्लिम समुदायका जनप्रतिनिधिहरूको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रममा माननीय प्रदेश सभामुखज्यूलाई स्वागत गर्दै




२०८० असार ११ गते मधेश प्रदेशको धनुषामा आयोजित प्रदेशस्तरीय स्थानीय तहका मुस्लिम समुदायका जनप्रतिनिधिहरूको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम




*२०८० असार ११ गते मधेश प्रदेशको धनुषामा आयोजित प्रदेशस्तरीय स्थानीय तहका मुस्लिम समुदायका जनप्रतिनिधिहरूको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम*




*२०८० असार ११ गते लुम्बिनी प्रदेशको बर्दिया जिल्लाको गुलरीयामा आयोजित मुस्लिम समुदायको विविध विषयमा आयोगको भूमिका विषयक कार्यक्रम*




२०८० असार १२ गते लुम्बिनी प्रदेशको राजधानी देउखुरी, भालुवाङ्गमा आयोजित मुस्लिम जनप्रतिनीधीहरूको क्षमता विकास एवं शसक्तीकरण कार्यक्रममा आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्री मा. सन्तोष कुमार पाण्डेलाई स्वागत गर्दै




२०८० असार १२ गते लुम्बिनी प्रदेशको राजधानी देउखुरी, भालुवाङ्गमा आयोजित मुस्लिम जनप्रतिनीधीहरूको क्षमता विकास एवं शसक्तीकरण कार्यक्रम